# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ९ | २०८१ भदौ १-१५ | पूर्णाङ्क ७७१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | १ | इजलास नं. ४ | १६ |
| संयुक्त इजलास | ५ | इजलास नं. ९ | ५ |
| इजलास नं. १ | ९ | इजलास नं. १० | १ |
| इजलास नं. २ | १ | इजलास नं. ११ | ७ |
| इजलास नं. ३ | ८ | इजलास नं. | |
| **जम्मा** | **२४** | **जम्मा** | **२९** |

**कूल जम्मा २४ + २९ = ५३**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, भदौ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| | **पूर्ण इजलास** | | **१ - ३** |
| १. | गुठी धर्मलोप | देवीप्रसाद बास्तोला वि. कृष्णदेवी शाक्यसमेत | १ |
| | **संयुक्त इजलास** | | **३ - ७** |
| २. | उत्प्रेषण / परमादेशसमेत | रामरतन साह वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३ |
| ३. | विनाइजाजत खयर काठ कटानी तथा ओसार पसार | चुडामणि पाण्डे, नेपाल सरकार वि. स. वन अ. जीवन पंगेनीसमेतको जाहेरीले नेपाल सरकार, उत्तम धरेल | ४ |
| ४. | सेटिङका आधारमा रिसवत लिई वैदेशिक रोजगारीमा पठाउन भ्रष्टाचार गरेको | नेपाल सरकार वि. मो.मुस्ताक मियाँसमेत | ४ |
| ५. | नापी निर्णय दर्ता बदर दर्ता | हरिभक्त शर्मासमेत वि. नेपाल यातायात संस्थान वीरगन्ज पर्सा | ५ |
| ६. | भ्रष्टाचार (गलत लिखत बेहोरा लेखी लेखाई श्रम स्वीकृति प्रदान गरको) | पप्पुकुमार साह वि. नेपाल सरकार, रमेशप्रसाद मैनाली वि. नेपाल सरकार | ६ |
| | **इजलास नं. १** | | **७ - १३** |
| ७. | बन्दी प्रत्यक्षीकरण | अक्कलबहादुर तामाङ वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ५ |
| ८. | बन्दी प्रत्यक्षीकरण | भविन्द्र गिरी वि. सुनसरी जिल्ला अदालत, इनरूवा, सुनसरीसमेत | ८ |
| ९. | उत्प्रेषण / प्रतिषेधसमेत | सौर्य शम्शेर ज.ब.रा. वि. उच्च अदालत पाटनसमेत | ९ |
| १०. | उत्प्रेषण / परमादेश | जनक माध्यमिक विद्यालयसमेत वि. निर्वाचन आयोग, बहादुर भवन काठमाडौंसमेत | ९ |
| ११. | हक कायम | झलककुमारी कार्की वि. रूपनी कुस्वारसमेत | १० |
| १२. | हक सफा | दुलर थरूनी वि. दुखाराम विश्वाससमेत | १० |
| १३. | कर्तव्य ज्यान | नेत्रबहादुर मगर वि. झिल्के मगरकी जाहेरीले नेपाल सरकार | ११ |

| | | | |
|---|---|---|---|
| १४. | गैँडा मारी खाग बिक्री व्यवसाय | राकेश भन्ने रामशरण वि.क. वि. सि.गे. लक्ष्मण रायसमेतको प्रतिवेदनले नेपाल सरकार | १२ |
| १५. | लागु औषध | नेपाल सरकार वि. सुनिल पोखरेल | १२ |
| **इजलास नं. २** | | | **१३ – १३** |
| १६. | जबरजस्ती करणी | यदुलाल भन्ने एकुराज भण्डारी वि. परिवर्तित नाम सुष्माको जाहेरीले नेपाल सरकार | १३ |
| **इजलास नं. ३** | | | **१३ – १७** |
| १७. | बैकिङ कसुर | ओमनारायण राजबातर धामी वि. नेपाल सरकार, नेपाल सरकार वि. ओमनारायण राजबातर धामी | १३ |
| १८. | जबरजस्ती करणी | देशबहादुर भन्ने भक्तबहादुर श्रेष्ठ वि. नेपाल सरकार | १४ |
| १९. | निर्णय बदर हक कायम | पञ्चकृष्ण श्रेष्ठ वि. हरिमाया कायस्थ, हरिमाया कायस्थ वि. पञ्चकृष्ण श्रेष्ठ | १४ |
| २०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर घले | १५ |
| २१. | आयकर (आ.व. ०६२।०६३) | जगदीश रेग्मी वि. एभरेष्ट पेपर मिल्स प्रा.लि. जनकपुर, धनुषा | १५ |
| २२. | उत्प्रेषणसमेत | शान्तमणि ढकाल वि. नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरसमेत | १६ |
| २३. | अदालतको अवहेलना | इन्द्रसिंह सामन्तसमेत वि. झलकराम अधिकारीसमेत | १७ |
| २४. | उत्प्रेषणसमेत | रामचन्द्रप्रसाद ढुंगानासमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बढुवा समिति, बढुवा समितिको सचिवालय, सिंहदरबार | १७ |
| **इजलास नं. ४** | | | **१८ – ३५** |
| २५. | बन्दी प्रत्यक्षीकरण | मनोजकुमार साह तेली वि. बारा जिल्ला अदालत, कलैयासमेत | १८ |
| २६. | झुट्टा बकपत्र | कन्चन श्रेष्ठ वि. हिमाली श्रेष्ठ | १८ |
| २७. | उत्प्रेषणसमेत | चक्र बुढासमेत वि. नेपाल सरकार, वन तथा भू-संरक्षण विभाग, काठमाडौंसमेत | १९ |
| २८. | उत्प्रेषण | मुनरसिंह राजपुत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | २० |

| | | | |
|---|---|---|---|
| २९. | उत्प्रेषण | कृष्णमाया परियार वि. ललितपुर जिल्ला अदालत, लगनखेल ललितपुरसमेत | २१ |
| ३०. | लागु ओषध (खैरो हेरोइन) | दिनबन्धु झा वि. नेपाल सरकार नेपाल सरकार वि. संजय राउत भन्ने सुरेन्द्र राउत कुर्मी | २२ |
| ३१. | लागु औषध | नेपाल सरकार वि. सुदिप कोइराला | २३ |
| ३२. | हक कायम | भानमती केवट वि. बसन्तलाल कहार | २३ |
| ३३. | जालसाज | रूकमणीदेवी मेहतर वि. रामप्रसाद मेहतरसमेत | २४ |
| ३४. | परमादेश | मनोज साह वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २५ |
| ३५. | उत्प्रेषण | सुभाष निरौला वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | २५ |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कालबहादुर सार्की | २६ |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किशोर सुनुवारसमेत | २६ |
| ३८. | निषेधाज्ञा | वीरेन्द्रकुमार यादव वि. बद्रिनारायण यादव | २७ |
| ३९. | परमादेश | उमेश महतोसमेत वि. मालपोत कार्यालय मलगवा, सर्लाहीसमेत | २८ |
| ४०. | भ्रष्टाचार | मोहम्मद ताहिर हुसैन वि. नेपाल सरकार, विद्यानन्द झा वि. नेपाल सरकार, नेपाल सरकार वि. मोहम्मद ताहिर हुसैनसमेत | २८ |
| **इजलास नं. ९** | | | **३५ – ३७** |
| ४१. | उत्प्रेषण | अञ्जु पाण्डे (सिलवाल) समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंसमेत | ३५ |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजेन्द्र तामाङ | ३५ |
| ४३. | जग्गा खिचोला चलन | रामचन्द्र साहसमेत वि. जिम्दार ठाकुर बडही | ३६ |
| ४४. | जबरजस्ती करणी, कर्तव्य ज्यान | किरण सुवेदी वि. २६ परिसर २१ को जाहेरीले नेपाल सरकार, नानीमैयाँ आलेमगर सुवेदी वि. नेपाल सरकार, नेपाल सरकार वि. किरण सुवेदीसमेत | ३६ |

| | | | |
|---|---|---|---|
| ४५. | जबरजस्ती करणी | नेपाल सरकार वि. बलराम कोइराला, नेपाल सरकार वि. बलराम कोइरालासमेत | ३७ |
| **इजलास नं. १०** | | | ३७ – ३८ |
| ४६. | लेनदेन | महिमुदा वि. संजय पौडेल | ३७ |
| **इजलास नं. ११** | | | ३८ – ४४ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | रेवतीहरि अधिकारी वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखा, बबरमहल, काठमाडौंसमेत | ३८ |
| ४८. | उत्प्रेषण | निलिमा खत्रीसमेत वि. उच्च अदालत पाटनसमेत | ३८ |
| ४९. | बैंकिङ कसुर | समद अन्सारी वि. नेपाल सरकार | ३९ |
| ५०. | जबरजस्ती करणी | नेपाल सरकार वि. राजिव कुमाल | ४० |
| ५१. | बैंकिङ कसुर | सुष्मा सापकोटा वि. नेपाल सरकार | ४० |
| ५२. | अवैध तरिकाले रेड पाण्डाको छाला ओसारपसार | नेपाल सरकार वि. पासाङ्ग नोर्वु शेर्पासमेत | ४१ |
| ५३. | वैदेशिक रोजगार कसुर | गञ्जन मगर वि. नेपाल सरकार, बद्रीकुमार राई वि. नेपाल सरकार, नेपाल सरकार वि. गुञ्जन मगरसमेत | ४३ |

## पूर्ण इजलास

**१**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७७-NF-००२८, गुठी धर्मलोप, देवीप्रसाद बास्तोला वि. कृष्णदेवी शाक्यसमेत*

विवादित साबिक कि.नं. २४ को जग्गा गुठी संस्थानको हक दायित्वअन्तर्गतको अर्थात् गुठी संस्थानले नै बन्दोबस्त र सञ्चालन गरी आएको जग्गा हो वा होइन भन्ने कुरातर्फ विचार गर्दा विवादित जग्गा दो.हा.नं १ १ ० को लगतबाट भिडी रैकर दर्ता भएको भन्ने कुरा उक्त जग्गाको फिल्डबुक, पोता रसिद, जग्गाधनी प्रमाणपुर्जालगायत का प्रमाणहरूबाट देखिन्छ। दो.हा. नं ११० को जग्गा गुठीअन्तर्गतकै जग्गा रहेको देखिन्छ तर उक्त जग्गा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरी आएको भन्ने पुष्टि हुने प्रमाण मिसिल संलग्न कागजहरूबाट देखिँदैन । यी पुनरावेदक वादीले ज्यानमाया महर्जन मोही तथा आशाकाजी शाक्य र चिरिमाया शाक्य गठियार कायम भएको साबिक मधुवाला चिपामधु राजगुठीको का.प. ९३ पोताअन्तर्गतको साबिक खला जग्गा मैले मोही ज्यानमायासँग मिति २०१७।४।१८ मा र.नं. १४० बाट खरिद गरी लिएको भनी जिकिर लिए पनि उक्त राजीनामाको लिखतमा उक्त जग्गा मधुवाला चिपामधुको राजगुठीको वा छुट गुठीको जग्गा भन्ने उल्लेख भएको पाइँदैन । साथै उक्त जग्गा मधुवाला चिपामधुको राजगुठीमा गुठी संस्थानमा दर्ता भएको वा दर्ता हुन छुट भएको गुठीको जग्गा भएको भनी हुने कुनै प्रमाण मिसिल संलग्न नदेखिँदा पुनरावेदक वादीको दाबीबमोजिम विवादित कि.नं. २४ को जग्गा मधुवाला र चिपामधु राजगुठी वा छुट गुठीअन्तर्गतको जग्गा मान्न मिल्ने देखिँदैन।

यसरी प्रतिवादीहरूले विवादित जग्गा वादीले दाबी गरेजस्तो मधुवाला र चिपामधु राजगुठीको जग्गा नभई हाम्रो पूर्वजले शाक्य वंशीय परम्परा र संस्कार अनुसार वहावहीको क्वापा द्यौ (अक्षोभ बुद्ध) को पूजा गर्न राखेको निजी गुठी हो । पूर्वज आशाकाजी र चिरिमायाको नाउँमा बिभिन्न खलामा बिर्ता गुठी रहे भएकोमा सो साबिक बिर्ता गुठी जग्गाहरू बिर्ता उन्मुलन ऐन, २०१६ लागु भएपछि रैकरमा परिणत भएको र सोही मुताविक मिति २०१९।११।२ मा हा.नं. ११० उल्लेख भएका गुठी जग्गामा नित्य पूजाआजा हुँदै आएको छ। यस्तो गुठीमा अन्य समुदायका व्यक्ति हरू गठियार हुन सक्दैनन् । वादी हाम्रो उक्त निजी गुठीको जग्गा कमाउने मोहीसम्म हुन् । हाम्रा पूर्वज गठियार धन भाजुको मृत्युपश्चात् निजको श्रीमती चिरिमाया शाक्य र आशाकाजी शाक्यको नाउँमा उक्त गुठी बिर्ता रैकर जग्गा मिति २०२३।४।१३ मा दर्ता भएको मा चिरिमाया शाक्यको २०३१ सालमा मृत्यु भएपश्चात् निजको हकवाला छोरा राम शाक्य र प्रेमरत्न शाक्यको नाउँमा मिति २०३२।७।१३ मा संयुक्त नामसारी भएको र आशाकाजी शाक्यको मिति २०३४।१।१६ मा मृत्यु भएपश्चात् निजको हकवाला न्हुच्छेरत्न शाक्य, चिनियाकाजी शाक्य, त्रिरत्न शाक्य, सानुभाई शाक्य र रत्न शाक्यका नाउँमा मिति २०४२।३।२७ मा संयुक्त नामसारी भएकोमा प्रेमरत्न शाक्यको २०५१ सालको असारमा मृत्यु भएकोले निजको श्रीमती कृष्णदेवी शाक्यको नाउँमा मिति २०५५।९।१५ मा नामसारी भई हाल हामी सातै जना प्रतिवादीहरूको नाउँमा संयुक्त दर्ता स्रेस्ता कायम भएको हो । हामी प्रतिवादीहरू गुठियारहरूको नाउँमा कायम भएको जग्गा मिति २०४४।२।१७ मा पुनः नापी हुँदासमेत संयुक्त नाममा रहेको र साबिक कि.नं. २४ बाट उक्त नापीपश्चात् कि.नं. ३६ क्षेत्रफल २-०-१-३ कायम भएकोमा हाल साबिक हुँदा कि.नं. ३०६ क्षेत्रफल १-१५-३-३ कायम भएको हो। हामीले

गुठी मासी धर्मलोप गरेका छैनौँ भनी मुद्दा दोहोर्‍याई हेरिपाउँको निवेदनमा जिकिर लिएको पाइन्छ। मिसिल संलग्न प्रमाणहरूबाट समेत विवादित कि.नं. २४ को जग्गा प्रतिवादीहरूका पूर्वजले राखेको क्वापा-द्यौ निजी गुठीको जग्गा रहेको देखिन्छ । उक्त जग्गाको मोही पुनरावेदक वादी देवीप्रसाद बास्तोला रहेकोमा निजले साबिकमा प्रतिवादीहरूका पुर्खा आशाकाजी र चिरिमायालाई वाली बुझाउने गरेको मिसिल संलग्न प्रमाणबाटसमेत देखिन्छ । उक्त विवादित साबिक कि.नं. २४ को निजी गुठीको जग्गा प्रतिवादीहरूका पुर्खा आशाकाजी र चिरिमायाले आफ्ना नाउँमा रैकरसरह दर्ता गरेको देखिँदा प्रतिवादीहरूका पुर्खाले रैकरमा दर्ता गरेको कार्य र सोसँग सम्बन्धित निर्णयहरू तथा यी प्रतिवादीहरूले आफ्ना नाममा गराएको रैकर दर्ता तथा नामसारीसमेत प्रचलित कानूनअनुरूपको देखिएन।

गुठी संस्थान ऐन, २०३३ को दफा १९क को उपदफा (१) मा नीजी गुठीका गठियारले गुठीको लगत तोकिएबमोजिमको ढाँचामा संस्थानमा दिनुपर्ने छ भन्ने र ऐ. को उपदफा (२) मा "उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि संस्थानले व्यक्तिगत वा पारिवारिक रूपमा र सामाजिक हितको लागि राखिएका निजी गुठीको लगत तोकिएबमोजिम छुट्टाछुट्टै राख्नुपर्ने छ" भन्ने व्यवस्था रहेकोमा प्रतिवादीहरूले तदनुरूप गुठी संस्थानमा लगत दिएको देखिँदैन भने गुठी संस्थानमा सोको कुनै लगतसमेत रहे भएको भन्ने देखिँदैन। गुठी संस्थान ऐन, २०३३ को दफा २० को उपदफा (२) मा "व्यक्तिगत वा पारिवारिक रूपमा राखिएका निजी गुठीबाहेक सामाजिक हितको लागि राखिएका निजी गुठीका गुठियारले शिलापत्र, धर्मपत्र, दानपत्र आदिमा लेखिएबमोजिम सो गुठीको सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गठियारले लिखित अनुरोध नगरे पनि संस्थानले त्यस्तो गुठीको जिम्मा लिई बन्दोबस्त र सञ्चालन गर्न सक्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाको अन्तर्य गुठी जुन उद्देश्यका लागि राखिएको हो सोही उद्देश्यअनुरूप त्यसको सञ्चालन पनि हुनुपर्छ भन्ने नै हो। व्यक्तिगत वा पारिवारिक रूपमा राखिएका गुठीबाहेक अन्य सबै गुठीहरू सामाजिक हितका लागि नै राखिने हुँदा त्यस्ता गुठीहरू सार्वजनिक सम्पत्तिको रूपमा रहेको मान्नुपर्ने हुन्छ । सामाजिक हितका लागि राखिएको जुनसुकै गुठीको सम्पत्ति कोही कसैबाट वा कुनै पनि तवरले हनन वा दुरूपयोग हुन नपावस र गुठीको मूल्य मान्यता र परम्परा कायम रहिरहोस् भन्ने अभिप्रायले नै त्यस्तो गुठीको बन्दोवस्त र सञ्चालन गुठी संस्थानबाट हुनुपर्ने भन्ने ऐनको मनसाय हो । व्यक्तिगत वा पारिवारिक गुठीबाहेक निजी गुठी सामाजिक हितका लागि नै राखिने हुँदा त्यस्तो गुठीको सम्पत्ति हिनामिना भएको वा हुन सक्ने अवस्था देखिएमा गठियारहरूको लिखित अनुरोध नभए पनि गुठी संस्थानले त्यस्तो गुठीको जिम्मा लिई बन्दोबस्त र सञ्चालन गर्न सक्ने भन्ने उक्त कानूनी प्रावधानको मनसाय हो। विवादित साबिक कि.नं. २४ को जग्गा प्रतिवादीहरूका पूर्वजले व्यक्तिगत वा पारिवारिक रूपमा राखेको गुठी नभई शाक्यहरूको सामाजिक हितका लागि शाक्य परम्पराअन्तर्गतका पूजाआजा सञ्चालनकोलागि राखेको क्वापा-द्यौ निजी गुठीको रहेको देखिएकाले शाक्य रीत परम्परा अनुसार पूजाआजा सञ्चालनको विधि निर्माण गरी चिरकाल पर्यन्त सो गुठीको सञ्चालनको व्यवस्था गठियारहरूबाट हुनुपर्नेमा त्यस्तो गुठी व्यक्तिगत रूपमा रैकरमा दर्ता तथा नामसारीसमेत गरेको देखिँदा प्रतिवादीहरूको उक्त कार्य गुठीसम्बन्धी प्रचलित कानून र गुठी परम्पराको सिद्धान्तअनुरूपको देखिएन।

प्रत्यर्थी/प्रतिवादीहरूले गरेको रैकर दर्ता एवम् नामसारीसमेतका कार्य गुठी धर्मलोप हो वा होइन भन्नेतर्फ विचार गर्दा साबिक मुलुकी ऐन, गुठीको महलको ३ नं. को देहाय १ मा "गुठियारसमेत राखी आफ्नो हक छोडी राखेको गुठी सो गुठी राख्ने वा उनका

सन्तान हकदारले गुठीको दानपत्र शिलापत्रसमेतका लिखतबमोजिमको काम चलाई शेष जगेडा रहनेबाहेकको खान पाउने शेष बाँकीसम्म धितो बन्धक राख्नु हुन्छ । लेखिएबाहेक बेचबिखन दान दातव्य गरी वा जम्मै भोग धितो राखी वा लिखतबमोजिमको कामसमेत नगरी धर्म लोप गर्न हुदैन । सन्तान हकदारले लिखतबमोजिमको काम चलाएन वा खान पाउने शेष भोग धितोदेखिबाहेक बेचबिखन दान दातव्य र अरू जम्मै गुठी बेचबिखन दान दातव्य वा भोग धितोसमेत गरी धर्म लोप गऱ्यो भने त्यसले सो गुठीको पालो पाउँदैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार गुठी सञ्चालनका सम्बन्धमा गुठी राख्ने वा गुठी राख्नेका सन्तान हकदारले कुनै लिखत, शिलालेख, दानपत्रसमेत खडा गरिएको हुनुपर्दछ । तर क्वापा-द्यौ निजी गुठीका दर्तावाल गुठियारहरूले गुठी सञ्चालनका सम्बन्धमा निजहरूले वहन गर्नुपर्ने जिम्मेवारी दायित्वका सम्बन्धमा कुनै लिखत खडा भएको भन्ने देखिँदैन । गुठी सम्बन्धमा गुठीका हकदारहरूले यी यस्ता कार्यहरू गर्नुपर्ने भन्ने कुनै लिखत, दानपत्र, शीलापत्रसमेत रहे भएको पनि पाइँदैन । प्रतिवादीहरूका पूर्वजले राखेको गुठीको जग्गा यी प्रतिवादीहरूका पुर्खा आशाकाजी र चिरिमायाले संयुक्त रैकर दर्ता गराएकोमा निजहरूबाट तहतहका हकवालाहरूले नामसारीसम्म गराएको देखिँदा यी प्रतिवादीहरू आफैँले गुठी धर्मलोप गरेको भनी मान्न मिल्ने देखिएन । प्रत्यर्थी प्रतिवादीहरूले आफैँले गुठी धर्मलोप गरेको नदेखिँदा निजहरूलाई धर्मलोपमा सजाय गरिपाउँ भन्ने वादीको दाबी सो हदसम्म मनासिब देखिएन ।

प्रतिवादीहरूका पुर्खा आशाकाजी र चिरिमायाले निजी गुठीको जग्गा रैकरमा परिणत गरी आफ्ना नाउँमा दर्तासमेत गराएको पुष्टि भएकोमा यस अदालतको संयुक्त इजलासबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई मिति २०७५।३।२८ मा भएको फैसला कानूनसम्मत मिलेको नदेखिँदा केही उल्टी भई विवादित साबिक कि.नं. २४ को जग्गामा प्रतिवादीहरूको रैकर दर्ता एवम् नामसारीसमेतका निर्णयहरूसमेत बदर भई उक्त जग्गा क्वापा-द्यौ निजी गुठी कायम भई गुठीको रीत परम्परा अनुसार गुठी सञ्चालन हुने ।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८१ साल जेष्ठ १७ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७७-NF-००२९, नामसारी निर्णय बदर, देवीप्रसाद बास्तोला वि. कृष्णदेव शाक्यसमेत
- ०७७-NF-००३०, दर्ता बदर दर्ता, देवीप्रसाद बास्तोला वि. कृष्णदेवी शाक्य
- ०७७-NF-००३१, नामसारी निर्णय बदर, देवीप्रसाद बास्तोला वि. चिनियाकाजी शाक्यसमेत

## संयुक्त इजलास

### २

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-WO-००९४, उत्प्रेषण / परमादेशसमेत, रामरतन साह वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदकमा निज निवेदकले ढाँटी बढी अवधि सेवा गरेको होइन, साथै बदनियत राखेको पनि होइन । यसै अदालतबाट मिति २०७९।०४।२५ मा जारी भएको अन्तरिम आदेशबाट निज निवेदकले सेवा गरेको देखिन्छ । साथै, श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई बिनापारिश्रमिक काममा लगाउने कुरालाई स्वीकार गर्दैन भने काम गर्ने व्यक्तिले

उचित पारिश्रमिक पाउनुपर्ने मान्यता राख्दछ । विना पारिश्रमिक काममा लगाउँदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन हुन जाने अवस्था हुँदा निवेदकले पनि अन्तरिम आदेशबमोजिम काम गरेको अवधिको तलब भत्ताबापत प्राप्त गर्ने कुरामा कुनै द्विविधा देखिन आउँदैन ।

रिट निवेदक राम रतन साह मिति २०७९।०५।१० देखि अवकाश हुने भनी मिति २०७८।०९।२१ मा दिएको सूचनामा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणलगायतका रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख २९ गते रोज ६ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CR-१३७६, ०७३-CR-१३७७, विनाइजाजत खयर काठ कटानी तथा ओसार पसार, चुडामणि पाण्डे, नेपाल सरकार वि. स. वन अ. जीवन पंगेनीसमेतको जाहेरीले नेपाल सरकार, उत्तम धरेल*

प्रतिवादी उत्तम धरेलले बरामदित काठ राष्ट्रिय वनबाट कटान गरेको भन्ने अभियोग दाबी पुष्टि हुन सकेको देखिएन । निजले निजी जग्गामा रहेका खयरका रूख कटान गर्ने अनुमतिका लागि प्रक्रिया अगाडि बढाई रूख काट्ने अनुमति प्राप्त नहुँदै निजी जग्गामा रहेका खयरका रूख कटान गरिराखेको देखिएको अवस्थामा प्रतिवादी उत्तम धरेललाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम र चुडामणि पाण्डेलाई सोही ऐनको दफा ५४ बमोजिमको कसुरमा जनही १ वर्ष कैद र बिगोको दोब्बर जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३/४/१० मा भएको फैसला उल्टी भई निज प्रतिवादी उत्तम धरेललाई वन ऐन, २०४९ को दफा ४९ को खण्ड (ण)बमोजिको कसुरमा सोही ऐनको दफा ५०(१) को खण्ड (ञ) बमोजिम रू. १,००० (एक हजार) रुपियाँ जरिवाना हुने ठहर्छ । अर्का प्रतिवादी चुडामणि पाण्डेको हकमा उक्त कसुरमा निजको कुनै संलग्नता रहेको नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । साथै बिनाअनुमति खयर काठ कटान गरेको देखिँदा सोही ऐनको दफा ५०(१) को खण्ड (घ) बमोजिम बरामद भएको काठ जफत हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ फाल्गुन १६ गते रोज ३ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री कुमार रेग्मी**, *०७४-CR-०११०, सेटिङका आधारमा रिसवत लिई वैदेशिक रोजगारीमा पठाउन भ्रष्टाचार गरेको, नेपाल सरकार वि. मो.मुस्ताक मियाँसमेत*

वैदेशिक रोजगार व्यवसायी, वैदेशिक रोजगार विभागका कर्मचारी, अध्यागमन कार्यालयका कर्मचारी, तालिम दिने संस्थाका व्यक्ति, हवाई टिकट उपलब्ध गराउने संस्थाका व्यक्तिउपर समेत दाबी लिइएको अवस्था छ । मिसिल संलग्न कागजात हेर्दा, वैदेशिक रोजगार कम्पनीका सञ्चालकहरूले वैदेशिक रोजगारमा मानिसहरू पठाउने प्रयोजनका लागि पूर्व श्रम स्वीकृतिको आधारमा अन्तिम श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार विभागमा फाइल पेस गरी पेस भएका फाइलमा भएका कागजातका जाँचबुझ गरी विदेशी भाषामा लेखिएका कागजात भए भाषा अनुवाद गरी ऐन, नियम र निर्देशिकाबमोजिम कामको बाँडफाँड भएबमोजिम कर्मचारीले आआफ्नो भूमिका अनुसार फाइल रूजु गरी निर्देशकसमक्ष पेस गर्ने र अन्तिम श्रम स्वीकृति शाखाका निर्देशकले अन्तिम

श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरी स्वीकार प्रदान गर्ने भन्ने देखिन आउँछ । सोहीबमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको श्रम डेस्कका कर्मचारीले वैदेशिक रोजगारीमा जाने व्यक्तिले प्रस्तुत गरेका कागजातहरू जाँचबुझ गरी अनुमति दिने र अध्यागमन कार्यालयका कर्मचारीहरूले प्रक्रिया पुगेको भए प्रस्थान अनुमति दिने भन्ने देखिन्छ । यो मुद्दामासमेत वादी पक्षबाट दाबी लिइएका अन्तिम श्रम स्वीकृति प्राप्त व्यक्तिहरूलाई सोही प्रक्रियाबमोजिम वैदेशिक रोजगारीमा जान अनुमति प्रदान भएको भन्ने देखिन आउँछ । तर अभियोग दाबीमा भनिएजस्तो वैदेशिक रोजगार व्यवसायी, वैदेशिक रोजगार विभागका कर्मचारी, श्रम कक्षका कर्मचारी तथा अध्यागमन कार्यालयका कर्मचारीले घुस रकम लिई सेटिङका आधारमा श्रम स्वीकृति प्रदान गरेको तथा विदेशमा जान प्रस्थान अनुमति दिएको भन्ने तथ्य स्थापित हुन सकेको देखिँदैन । वैदेशिक रोजगारमा जाने व्यक्तिले के कति रकम के कुन प्रतिवादीलाई बुझाएको भन्ने तथ्यसमेत वस्तुगत रूपमा खुलेको पाइँदैन । त्यस्तो कुनै उजुर परेको अवस्थासमेत छैन । त्यस्तो घुस रकम बरामदसमेत भएको देखिँदैन । उल्लिखित तथ्यगत अवस्था र माथि उल्लिखित भएको ०७४-CR-१२९१ का मुद्दामा मिति २०७५।११।२२ को फैसलामा प्रतिपादन भएको सिद्धान्तसमेतको सन्दर्भबाट विशेष अदालतले आरोपित कसुरबाट सफाइ दिएको फैसला सो हदसम्म मिलेको देखिएकोले वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिएन।

वादी नेपाल सरकारले यी प्रतिवादीहरूउपर एकआपसमा मिलेमतो गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको पूर्वस्वीकृत श्रम स्वीकृतिविपरीत विवरण बनाई पूर्वस्वीकृति विपरीतको पेसा र कम्पनीसमेत फरक पारी घुस रिसवत लिई अन्तिम श्रम स्वीकृति प्रदान गरी विदेशमा जान अनुमतिसमेत दिएको भन्नेसमेतका अभियोग दाबी लिएकोमा वैदेशिक रोजगारीमा जाने कुनै पनि व्यक्तिले आफूलाई मर्का परेको भनी उजुरी दिएको नदेखिएको, यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम मिलेमतो र सेटिङको आधारमा उक्त दाबी गरेको भन्ने मिसिलसंलग्न कागजातहरूबाट खुल्न आएको नदेखिएको, प्रतिवादीहरूले घुस रिसवत लिए दिएको भन्ने तथ्य स्थापित नभई त्यस्तो घुसको रकम बरामद हुन सकेकोसमेत नदेखिएको, यो मुद्दाको विषयवस्तु वैदेशिक रोजगार ऐन, २०६४ आकर्षित हुने देखिएकोमा सो ऐनबमोजिमको दाबी भएको नदेखिएकोसमेतको सन्दर्भबाट प्रतिवादीहरूउपरको अभियोग दाबी वस्तुनिष्ठ आधारमा पुष्टि हुन सकेको नदेखिँदा सबै प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिनुपर्नेमा प्रतिवादी रमेशप्रसाद मैनाली र पप्पुकुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९बमोजिम जनही ३ महिना कैद र रू.१०,०००।- जरिवाना हुने र पुनरावेदक/प्रतिवादीहरू श्यामप्रसाद श्रेष्ठ, हर्कबहादुर लिम्बु र मो. मुस्ताक मियाँलाई भ्रष्टाचार निवारण ऐन, २०६४ को दफा ८(४) बमोजिम जनही ३ महिना कैद हुने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७३/२/४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई पुनरावेदक/प्रतिवादीहरू रमेशप्रसाद मैनाली, पप्पुकुमार साह, श्यामप्रसाद श्रेष्ठ, हर्कबहादुर लिम्बु र मो. मुस्ताक मियाँले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०८० साउन २२ गते रोज २ शुभम् ।

**५**

**स.का.मु.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री कुमार रेग्मी**, *०७३-CI-१३८५, नापी निर्णय दर्ता बदर दर्ता, हरिभक्त शर्मासमेत वि. नेपाल यातायात संस्थान वीरगन्ज पर्सा*

प्रतिवादीले वादीले दाबी गरेको रै.नं. २२५ को जग्गा वादीको होइन भनी जिकिर लिएकोमा सोही

स्थानमा वादी यातायात संस्थानका नाममा विभिन्न जग्गा दर्ता भइ निर्वाध रूपमा भोग चलनमा रहेको, यातायात संस्थानका भवन निर्माण भएको देखिएको, प्रतिवादीले जिकिर लिएको रै.नं. ३३३ को जग्गाको क्षेत्रफल ३-०-९-२ रहेको देखिएकोमा आफ्नो नाममा दर्ता हुनुपर्ने भनी दाबी लिएको जग्गाको क्षेत्रफल १-२-४ मात्र रहेको र उक्त रै.नं. ३३३ को बाँकी जग्गा कुन ठाउँमा रहेको वा आफ्नो नाममा दर्ता भएको भनी देखाउन सकेकोसमेत देखिँदैन । वादी दाबीको रै.नं. २२५ को जग्गाको क्षेत्रफल १४-११-५ देखिएकोमा कतिपय कित्ता जग्गा वादीको नाममा दर्ता भई निर्विवाद हक भोग चलनमा रहेको देखिएको र सुरू अदालतबाट मिति २०५७/१०/२६ मा भई आएको नक्सा मुचुल्काबाटसमेत विवादित जग्गा वादीको नाममा दर्ता भएका अन्य जग्गासँग जोडिएको देखिएको अवस्था छ। त्यसै गरी विवादित जग्गा वादी यातायात संस्थानका नाममा नापी भएकोमा प्रतिवादीमध्येका नरनारायण भक्त शर्माले दाबी गरेउपर १ नं. नापी गोश्वारा वीरगन्जले निजको नाममा अस्थायी दर्ता गर्ने निर्णय गर्दा ठोस आधार, कारण उल्लेख नगरी निवेदन दाबीबमोजिम अस्थायी दर्ता हुने भनी निर्णय भएको र निर्णयमा चित्त नबुझे निवेदकलाई सम्बन्धित अदालतमा जानु भनी जानकारी दिनु भनी म्यादसमेत दिएकोमा यी प्रतिवादीहरू सो अस्थायी दर्ताउपर अदालतमा उपचारको लागि प्रवेश गरेको भन्नेसमेत नदेखिँदा विवादित जग्गा पुनरावेदक/प्रतिवादीहरूको नाममा अस्थायी दर्ता हुने गरी १ नं. नापी गोश्वाराबाट भएको निर्णय बदर हुने ठहर गरी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

उल्लिखित आधार, कारण एवम् प्रमाणबाट विवादित जग्गा पुनरावेदक/प्रतिवादीहरूको हकको रहेको भन्ने पुष्टि हुने आधार कारण पेस गर्न नसकेको अवस्थामा उक्त जग्गा निजहरूको नाममा अस्थायी दर्ता गर्ने गरी १ नं. नापी गोश्वारा वीरगन्जबाट मिति २०५४/१०/२९ मा भएको निर्णय बदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६५/९/६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०८० साल साउन २३ गते रोज ३ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री कुमार रेग्मी,** *०७४-CR-०१८३, ०७४-CR-०२४९, भ्रष्टाचार (गलत लिखत बेहोरा लेखी लेखाई श्रम स्वीकृति प्रदान गरको), पप्पुकुमार साह वि. नेपाल सरकार, रमेशप्रसाद मैनाली वि. नेपाल सरकार*

प्रतिवादीहरू पप्पुकुमार साह कम्प्युटर अपरेटरको रूपमा कार्यरत रही अन्तिम स्वीकृतिको लागि फाइल पेस गर्ने र अर्का प्रतिवादी रमेशप्रसाद मैनाली अन्तिम श्रम स्वीकृति प्रदान गर्ने जिम्मेवारीमा रही अन्तिम श्रम स्वीकृति प्रदान गरेको देखिन्छ। प्रतिवादीहरूले मेनपावर कम्पनीले पेस गरेका फाइलबमोजिम अन्तिम श्रम स्वीकृति प्रदान गरेको विषयमा विवाद रहेको देखिँदैन । यी प्रतिवादीहरूले विभिन्न मेनपावर कम्पनीलाई कम्पनीको नाम फरक परेको र फरक पारी अन्तिम श्रम स्वीकृति प्रदान गरेको भन्ने दाबी रहेको देखिन्छ। प्रतिवादीहरूले गलत नियत राखी झुट्ठा विवरण तयार गरी श्रम स्वीकृति दिएको भन्ने कुनै पीडित तथा निजको तर्फबाट उजुरी परेको देखिँदैन। साथै वादी पक्षले प्रतिवादीहरूले कम्पनीको नाम फरक पारी जारी गरेको अन्तिम श्रम स्वीकृतिका कारण यी व्यक्तिहरू पीडित भएको, आफू जान चाहेको रोजगारदाता कम्पनीमा जान नपाएको तथा रोजगारीको लागि विदेश गएकोमा तोकिएको कम्पनीमा काम नपाई फिर्ता भएको भनी यकिनसाथ खुलाउन सकेकोसमेत

देखिँदैन। उक्त मेनपावर कम्पनीको मागबमोजिम जारी भएको अन्तिम श्रम स्वीकृति अनुसार श्रम स्वीकृति पाउने व्यक्तिहरू वैदेशिक रोजगारको लागि सोही भिसाबाट विदेश गएको र कोही कसैले तोकिएको काम र कम्पनी फरक परेका कारण दुःख पाएको भनी कुनै गुनासो गरेको भन्ने दाबीसमेत रहेको नदेखिँदा प्रत्यक्ष सरोकार भएका व्यक्तिहरूलाई असर परेको वा दुःख दिएको भन्ने देखिन आएन।

वैदेशिक रोजगार ऐन, २०६४ को वर्खिलाप हुने गरी प्रतिवादीहरूले अन्तिम श्रम स्वीकृति प्रदान गरेको भनी उक्त ऐन आकर्षित हुने गरी दाबी लिएको देखिँदैन । यस्तै प्रकृतिको नेपाल सरकार वि. रामजीप्रसाद बरालसमेत भएको घुस रिसवत लिई दिई गलत कागजातहरूका आधारमा पूर्व तथा अन्तिम श्रम स्वीकृति लिने दिने काम गरी भ्रष्टाचार गरेको भन्ने ०७४-CR-१२९१ को मुद्दामा "वैदेशिक रोजगार ऐनको बर्खिलाप हुने गरी भए गरेका कार्यउपर सो ऐन नै आकर्षित हुने कुरामा विवाद गरिरहनुपर्ने अवस्था देखिँदैन। भ्रष्टाचार निवारण ऐनको कसुर स्थापित हुन वा भ्रष्टाचारजन्य कार्य हुन आफू वा कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले वा लापरबाहीपूर्ण तरिकाले कार्य भएको हुनुपर्छ र को कसले को कसलाई के कति रकम कहिले कुन कामको लागि रिसवतको रूपमा दिएको हो सो कुराको प्रमाण अभियोजन पक्षले पुऱ्याउनुपर्ने दायित्व रहेको हुन्छ" भनी फैसला भएको देखिन्छ । वैदेशिक रोजगार ऐन बर्खिलाप कसुर गरेको भनी दाबी गरिएकोसमेत नदेखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरू रमेशप्रसाद मैनाली र पप्पुकुमार साहलाई अभियोग दाबी अनुसार सजाय गर्ने गरी विशेष अदालतबाट भएको फैसला मनासिब देखिन आएन।

प्रतिवादीहरूले कम्पनीको नाम फरक पारी तथा नाम फरक परेको अवस्थामासमेत अन्तिम श्रम स्वीकृति दिएको भन्ने दाबी रहेकोमा उक्त श्रम स्वीकृतिबाट वैदेशिक रोजगारमा जाने व्यक्तिहरू कसैले पनि आफूलाई मर्का परेको भनी उजुरी नगरेको र यिनै प्रतिवादउपर यसै विषयमा वादी नेपाल सरकारले लिएको अभियोग दाबी पुग्न नसकी यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी विशेष अदालतले कसुरदार ठहराई गरेका फैसला केही उल्टी हुने ठहरी आज यसै इजलासबाट लगाउको ०७४-CR-०११० समेतका भ्रष्टाचार मुद्दामा फैसला भएको सन्दर्भसमेत बाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्ने तथ्य वस्तुगत आधारमा पुष्टि भएको नदेखिँदा अभियोग दाबीबाट सफाइ दिनुपर्नेमा पुनरावेदक/ प्रतिवादीहरू रमेशप्रसाद मैनाली र पप्पुकुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम जनही ३ महिना कैद र रू.१०,०००।- जरिवाना हुने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७३/२/४ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई पुनरावेदक/प्रतिवादीहरू रमेशप्रसाद मैनाली र पप्पुकुमार साहले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

इति संवत् २०८० साल साउन २२ गते रोज २ शुभम्।

## इजलास नं.१

### ७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान**, *०७८-WH-००८९, बन्दीप्रत्यक्षीकरणसमेत, अक्कलबहादुर तामाङ वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

शक्ति पृथकीकरण (Separation of Power) को सिद्धान्तबमोजिम राज्यका तीन महत्त्वपूर्ण अङ्गहरूको आ-आफ्नो दायित्व निर्वाह गर्न स्वतन्त्रता हुने विषयमा यस अदालत संवेदनशील रही आएको छ । विधायिकाले आफ्नो विधायिकी शक्तिमार्फत आफ्ना नागरिकलाई दिएको राजनीतिक, सामाजिक

तथा आर्थिक अधिकारको परिपूर्ति गर्ने दायित्व राज्यका विभिन्न निकायलाई सुम्पेको हुन्छ । यसरी विधायिकाले स्पष्टसँग कानूनमा राखिएको व्यवस्था केवल प्रदर्शन वस्तु (Show Piece) को रूपमा नभई सम्बन्धित जिम्मेवार निकायले सो व्यवस्थाको इमान्दारितापूर्वक प्रयोग र पालना गर्नुपर्ने हुन्छ । कारागार कार्यालयले कारागारमा रहेका कैदीबन्दीको प्रशासनिक व्यवस्थापनका लागि निवेदक प्रतिवादीलाई जिम्मेवारी दिएको अवस्थामा उक्त जिम्मेवारी दिएबापत कारागार नियमावली, २०२० को नियम २९ (२) को प्रावधानको अधीनमा रही यी रिट निवेदकलाई सुविधा दिने वा नदिने दायित्वसमेत रहन्छ । उल्लिखित नियमावलीको नियम २९ को उपनियम (३), (४) र (५) बमोजिम सम्बन्धित कारागार कार्यालय, प्रमुख जिल्ला अधिकारी, कारागार व्यवस्थापन विभाग र गृह मन्त्रालयलाई नियम २९ (२) बमोजिमको सुविधा दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय गर्ने जिम्मेवारी भएको विषयमा कुनै द्विविधा रहेको देखिएन । कानूनले तोकेको दायित्व पूरा नगरेको भनी निवेदक प्रतिवादीले प्रश्न गरेको अवस्थामा कानूनबमोजिम आवश्यक निर्णय गर्ने विषय तत् तत् निकायबाट यथासमयमै नै हुनुपर्ने ।

रिट निवेदक प्रतिवादी अक्कलबहादुर तामाङलाई कैद सजाय भोगिरहेको अवस्थामा कारागार कार्यालयबाट सहनाइके र नाइके पदको जिम्मेवारी दिएको देखिएको र कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (२), (३) र (४) को प्रयोजनार्थ यी रिट निवेदकले सेवा सुविधा पाउने, नपाउने सम्बन्धमा ३ दिनभित्र निर्णय गरी सोको जानकारी यस अदालतलाई पठाउनु भनी विपक्षी कारागार कार्यालय, नुवाकोटसमेतको नाममा यो परमादेशको आदेश जारी गरिदिएको

इजलास अधिकृत - शिवबहादुर थापा

कम्प्युटर - रमला पराजुली

इति संवत् २०७८ साल मङ्सिर १५ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-००२१, बन्दीप्रत्यक्षीकरणसमेत, भविन्द्र गिरी वि. सुनसरी जिल्ला अदालत, इनरूवा, सुनसरीसमेत*

निवेदक प्रतिवादीलाई वन पैदावार हानि नोक्सानी मुद्दामा सुनसरी जिल्ला अदालतबाट जारी कैदी पुर्जीबमोजिमको जरिवानाबापतको रकम भुक्तान भइसकेको, निजको ६ महिना कैदमध्ये ४ महिना भुक्तान भइसकेको र निजउपरको कसुर गम्भीर प्रकृतिको नदेखिएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा दिन सक्ने देखिन आयो । साथै, निवेदकको मागबमोजिम कैद भुक्तान गर्न बाँकी रहेको अवधिको लागि कैदको सट्टा रकम तिर्न सकिने गरी सुविधा दिँदा उल्लिखित कानूनको मर्मविपरीत नहुने भएकोले जिल्ला अदालतले यी निवेदकलाई उल्लिखित कानूनी सुविधा प्रदान नगर्ने गरी भएको आदेश र सो आदेशलाई नै सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट गरेको आदेश सो हदसम्म त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकलाई लागेको जरिवानाबापतको रकम बुझाएको भए ६ महिना कैदमा ४ महिना कैद भुक्तान गरिसकेकोले बाँकी रहेको २ महिना कैदको हकमा कैदबापत रकम दाखिल गरेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम एक दिनको रू.३००।- रूपैयाँका दरले हुन आउने रकम रू.१८,०००।– (अठार हजार रूपैयाँ) लिई ऐ. को उपदफा (२) बमोजिम कागज गराई आजै कैदमुक्त गरिदिनु भनी सुनसरी जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल कार्तिक १७ गते रोज ४ शुभम् ।

**९**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०६८५, उत्प्रेषण / प्रतिषेधसमेत, सौर्य शम्शेर ज.ब.रा. वि. उच्च अदालत पाटनसमेत*

वादीले अंश मुद्दाको फैसलाले पाएको अंश भनेको फिराद परेको अघिल्लो दिनसम्म खोलिएको बैंक खातामा मौज्दात रहेको रकमबाट हो । फैसलाको ठहर खण्डले स्पष्ट रूपमा बोलेको अवस्थामा सो मितिसम्ममा बैंकमा जे जति रकम मौज्दात रहेको थियो सो रकम तपसिल खण्डमा उल्लेख भएको देखिँदैन । सुरू अदालतको फैसलाको ठहर खण्डमा उल्लेख भएअनुसार फिराद परेको अघिल्लो दिनसम्म खोलेको बैंक खातामा रहेको मौज्दात रकमबाट चार खण्डको एक खण्ड अंश वादीले पाउने बेहोरा तपसिलमा उल्लेख हुनुपर्नेमा बैंक मौज्दात रकमबाट भनी उल्लेख भएकोबाट फैसलाको ठहर खण्डसँग तपसिल खण्ड स्पष्ट रूपमा बाँझिएको देखिन्छ। मुद्दाका पक्षले वर्षौंसम्म अदालतमा मुद्दा लडी अन्तिम फैसलाले प्राप्त गरेको हक अधिकार तथा सम्पत्ति समयमा सहि ढङ्गले फैसला कार्यान्वयन नभएमा फैसलाले सार्थकता प्राप्त गर्न सक्दैन। फैसलाको ठहर खण्डसँग तपसिल खण्ड स्पष्ट रूपमा बाँझिएको अवस्थामा ठहर खण्ड नै मान्य हुन्छ। बैंकमा रोक्का रहेको रकम वादीको अंश भागको रहेको देखिएको स्थितिमा सो रकमलाई नै सबै अंशियारबिचमा बन्डा गर्दा सोबाट वादीलाई प्रत्यक्ष असर पर्ने नै देखिन्छ। सुरू काठमाडौं जिल्ला अदालतले वादीको निवेदन मागबमोजिम फैसला संशोधन नगर्ने गरी गरेको आदेशलाई बदर गरी फैसलाको ठहर खण्डमा लेखिएबमोजिम तपसिल खण्ड संशोधन हुने गरी उच्च अदालत पाटनबाट मिति २०७७।९।२३ मा भएको आदेशलाई अन्यथा भन्न नमिल्ने।

काठमाडौं जिल्ला अदालतको फैसलाको ठहर खण्डबमोजिम फिराद परेको अघिल्लो दिनसम्म खोलेको बैंक खातामा रहेको मौज्दात रकमबाट ४ भागको १ भाग रकम वादीले प्रतिवादी सौर्य शम्शेर राणा र धिरज शम्शेर राणाबाट अंश पाउनेमा तपसिल खण्डमा सोअनुसार उल्लेख नभएकोमा फैसला संशोधन गरिपाउनलाई वादीले निवेदन दिँदा सुरू काठमाडौं जिल्ला वादीको निवेदन मागबमोजिम फैसला संशोधन नगर्ने गरी गरेको आदेशलाई बदर गरी फैसलाको ठहर खण्डमा लेखिएबमोजिम तपसिल खण्ड संशोधन हुने गरी उच्च अदालत पाटनबाट मिति २०७७।९।२३ मा भएको आदेश अन्यथा नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण प्रतिषेधको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जानकी रमण यादव

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७८ साल श्रावण ३१ गते रोज १ शुभम् ।

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-WO-०१६५, उत्प्रेषण / परमादेश, जनक माध्यमिक विद्यालयसमेत वि. निर्वाचन आयोग, बहादुर भवन काठमाडौंसमेत*

जनक माध्यमिक विद्यालय गैँडाकोट नवलपरासीको विद्यालय व्यवस्थापन समितिको निर्वाचन मिति २०७३।१२।२२ मा गर्ने कुराको निर्णय मिति २०७३।१०।८ गतेको बैठकबाट भएको अर्थात् निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन हुने मितिको सूचना र आचार संहिता लागु हुने सूचना प्रकाशन गर्नुपूर्व नै भएको देखिन्छ। विद्यालय व्यवस्थापन समितिको निर्वाचनको लागि पूर्वनिर्धारित कार्यतालिका तय भएको अवस्थामा निर्वाचन आचार संहितासम्बन्धी निर्देशिकाको बुँदा नं. ४ अनुसार निर्वाचन गर्न पाउन नै देखिँदा सोबमोजिम भएको निर्वाचनलाई अन्यथा भन्न मिलेन । विद्यालय व्यवस्थापन समितिले कानूनले तोकेको कार्यकाल पदावधिको समय ३ वर्ष व्यतीत भइसकेकोले जिल्ला

शिक्षा कार्यालय नवलपरासीले विद्यालय व्यवस्थापन समितिको मिति २०७३।१२।२२ मा भएको निर्वाचन अमान्य गरी नयाँ प्रक्रिया सुरू गरी पुन: निर्वाचन गर्नलाई मिति २०७४।४।३ मा गरेको निर्णय एवं पत्राचारलाई बदर गरिरहनुपर्ने अवस्था नरहेको साथै विद्यालय व्यवस्थापन समितिको कार्यकालको समय समाप्त भई नयाँ कार्यसमिति गठन भइसकेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम उत्प्रेषण परमादेशसमेतको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जानकी रमण यादव
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७८ साल भदौ १ गते रोज ३ शुभम् ।

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CI-०६०३, हक कायम, झलककुमारी कार्की वि. रूपनी कुस्वारसमेत*

जग्गा दर्ता गरी हक कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०७१/२/२६ मा भएको फैसला उल्टी गरी संलग्न कागज प्रमाणलगायत जे जो बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्न मिसिल सुरू जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३/२/२३ मा भएको फैसला मिलेकै देखिँदा पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। सो फैसला सदर हुने ।

इजलास अधिकृत : यदुराज शर्मा
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम् ।

- यसै लगाउका ०७३-CI-०६०४, हक कायम छुट दर्ता, झलककुमारी कार्की वि. रूपनी कुस्वारसमेत मुद्दामा समेत यसैअनुसार फैसला भएको छ।

**१२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी**, ०७२-CI-०९२८, हक सफा, दुलर थरूनी वि. दुखाराम विश्वाससमेत

नापी कार्यालयको नक्सा प्रिन्ट र भई आएको नक्सा मुचुल्काबाट वादीको कि.नं. ७१ को जग्गासँग नै जोडिने गरी जग्गाको उत्तरतर्फ सर्भे नापीकै अवस्थामा कायम भएको न.नं. ३ को सडक बाटो देखिएको हुँदा वादीको जग्गाको निकास नै थुनिएको भन्न मिल्दैन । आफ्नै जग्गासँग जोडिने गरी एकातर्फ निकास बाटो भइरहेकोमा प्रत्यर्थी / प्रतिवादीहरूले खरिद बिक्री गरेको कि.नं.७८० को जग्गाले वादीको कि.नं. ७१ को जग्गाको बाटो निकास थुनिएकोले सन्धिसर्पन परेको भन्ने देखिन आएन । कुनै जग्गाको परापूर्व कालदेखि नै बाटो निकास रहेको र सोबाहेक बाटो निकासको अन्य विकल्प नरहेको जग्गामात्र बाटो निकासको आधारमा सन्धिसर्पन परेको मानिने हो । निकासको लागि बाटो सडक कायम रहेकोमा भइरहेको सडक बाटो आफूसमेतले भोग चलन गरी सिमानामा रहेको अर्काको जग्गालाई सन्धिसर्पन परेको भन्न मिल्दैन । साँध सिमाना जोडिएकै आधारमा मात्र पनि सन्धिसर्पन परेको नमानिने र सन्धिसर्पन नपरेको अवस्थामा कसैले आफ्नो हक पुग्ने जग्गा कानूनबमोजिम बिक्री गरेकोमा अर्कोले निखनी हकसफा गरी लिन पाउँदैन । त्यस्तै सन्धिसर्पन नपरेको अवस्थामा नजिकको हकवाला भएको आधारले मात्र पनि हकसफा गरी लिन पाउने देखिँदैन । मुलुकी ऐन, लेनदेन व्यवहारको ११ नं. अनुसार बिक्री गरिएको अचल सम्पत्ति हकसफा गरी लिन सो बिक्री गर्दा साक्षी बस्ने र मन्जुरी दिने बाहेक सो बिक्री भएको सम्पत्ति सन्धिसर्पन परेको निजको ऐनबमोजिमको हकवालाले निखनी लिन चाहेमा निखनी लिन पाउने हुन्छ। अर्थात सन्धिसर्पन नपरेको अवस्थामा नजिकको हकवाला भएको आधारमा मात्र र साँध सिमाना जोडिएको आधारमा मात्र निखनी लिन

पाउँदैन। यसमा यी पुनरावेदक / वादी प्रत्यर्थी / प्रतिवादी गिता कुमारी चौधरीको हकवाला भई निजको जग्गाको निज गिता कुमारी चौधरीले बिक्री गरेको जग्गासँग साँध सिमाना जोडिएको भएपनि पुनरावेदक / वादीको जग्गाको उक्त बिक्री गरिएको जग्गासँग सन्धिसर्पन पर्न जाने नदेखिएकोले यी पुनरावेदक / वादीले उक्त बिक्री गरिएको कि.नं. ७८० को जग्गा निखनी हकसफा गरी लिन पाउने देखिन आएन । तसर्थ, कि.नं. ७८० को जग्गा आफ्नो कि.नं. ७१ को जग्गाको सन्धिसर्पन पर्ने भएकोले निखनी लिई हकसफा गरिपाउँ भन्ने वादी दावी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेको नै देखिने ।

प्रत्यर्थी / प्रतिवादीहरूले खरिद बिक्री गरी लिए दिएको कि.नं. ७८० को जग्गा पुनरावेदक / वादीको नाउँको कि.नं.७१ को जग्गाको सन्धिसर्पन पर्ने देखिन नआएकोले वादीले दाबीको जग्गा निखनाई लिई हक सफा गरी लिन पाउने ठहऱ्याई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७१/१०/२८ मा भएको फैसला उल्टी गरी खरिद बिक्री गरी लिए दिएको कि.नं. ७८० को जग्गा यी पुनरावेदक / वादीको नामको कि.नं.७१ को जग्गाको सन्धिसर्पन नपर्ने हुँदा निखनी लिई हकसफा गरी लिन नपाउने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२/३/२९ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम् ।

- यसै लगाउका हक सफा, ०७२-CI-०९२९, हक सफा, दुलर थरूनी वि. दुखाराम विश्वाससमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएका छ ।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-CR-०६५९, कर्तव्य ज्यान, नेत्रबहादुर मगर वि. झिल्के मगरकी जाहेरीले नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा टाउकोमा अक्सिजन पुग्न नसकेको र आन्तरिक रक्तश्राव भई मृत्यु भएको (Death due to violent asphyxia, compounded by haemoperitoneum) उल्लेख भएको देखिन्छ । साथै प्रतिवेदनको "External examination" खण्डमा मृतकको शरीरका विभिन्न भागमा चोटपटकहरू लागेको र मृतकको चिउँडोदेखि बायाँ कानको तल्लो भागसम्म पाँच इन्च लम्बाईको चिह्न भएको (An oblique, hard mark 5 inch in length running obliquely upwards & backwards from the chin & ending just below the left ear) भन्ने उल्लेख भए देखिन्छ। यस्तै प्रतिवादीको स्वास्थ्य परिक्षण प्रतिवेदन हेर्दा प्रतिवादीको अनुहारसमेतमा कोतरिएको घाउचोट देखिएबाट प्रतिवादीले मृतकलाई कुटपिट गरी घाँटी थिच्दा आफू बच्न मृतकले हरसम्भव प्रयास गरेको देखिन्छ । यसरी प्रतिवादीको कुटपिट र घाँटी थिच्दा मृतक प्रतिवादीको पञ्जाबाट उम्कन नसकी मृतकको श्वासप्रश्वासमा समेत अवरोध पुगी शरीरमा आन्तरिक रक्तश्रावसमेत हुन गई प्रतिवादीको कर्तव्यबाटै वारदात स्थापित भएको देखिन आयो । यसबाट प्रतिवादीले जिकिर लिएबमोजिम पदमकुमारी मगरको मृत्यु सलको पासो लगाई झुन्डिएबाट भएको कुरा स्वतन्त्र प्रमाणबाट पुष्टि नहुने ।

प्रतिवादीले मृतकसँग वादविवाद गरी सोही रिसइबीको कारण मादक पदार्थ सेवन गरी छोरा छोरीलाई घरबाट बाहिर निकाली ढोका लगाई आफ्नी पत्नी पदमकुमारी मगरलाई मार्ने पर्पञ्च मिलाएको भन्ने जाहेरी बेहोरा र सोलाई समर्थन हुने गरी घटना विवरण कागज गर्ने मानिसहरूको बकपत्रबाट देखिन्छ। यस्तै निज प्रतिवादीले मृतकको मुख थुनी घाँटी जस्तो संवेदनशिल क्षेत्रमा थिची श्वासप्रश्वासमा अवरोध पुऱ्याएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन

आएबाट पदमकुमारी मगरलाई प्रतिवादीले मार्ने मनसाय राखेको थिएन भन्न सकिएन । यसबाट प्रतिवादी नेत्रबहादुर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गरेको सुरू रामेछाप जिल्ला अदालतको फैसलालाई उच्च अदालत पाटनबाट सदर गरेको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिने ।

सुरू रामेछाप जिल्ला अदालतबाट अभियोग दाबीबमोजिम प्रतिवादी नेत्रबहादुर मगरले आफ्नी श्रीमती पदमकुमारी मगरलाई कर्तव्य गरी ज्यान लिएको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरी मिति २०७२।११।१७ गतेमा भएको फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने र निज प्रतिवादीलाई सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा भएको कानूनी प्रावधानबमोजिम सर्वस्वको सजाय नहुने हुँदा जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०७८ साल माघ २० गते रोज ५ शुभम् ।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-०५१९, ०७५-CR-१३४२, ०७५-CR-०८७१, ०७५-CR-१३०१, ०७५-CR-०५५२, गैँडा मारी खाग बिक्री व्यवसाय, राकेश भन्ने रामशरण वि.क. वि. सि.गे. लक्ष्मण रायसमेतको प्रतिवेदनले नेपाल सरकार*

प्रतिवादी वाइवा साइँला भन्ने रमेश लामा तामाङ्गलाई अभियोग दाबीबाट सफाइ, प्रतिवादीहरू सन्तबहादुर प्रजालाई १४ वर्ष कैद र रू.९०,०००।– जरिवाना , सुक्रे भन्ने सुक्रबहादुर प्रजालाई १५ वर्ष कैद र रू.५०,०००।– जरिवाना, राकेश भन्ने राम शरण वि.क. लाई १५ वर्ष कैद र रू.१,००,०००।– जरिवाना, रामकुमार प्रजा र लालकुमार प्रजालाई जनही १४ वर्ष कैद र रू.९०,०००।– जरिवाना गर्ने गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट मिति २०७२।३।३० मा भएको फैसला प्रतिवादीहरूमध्ये रामकुमार प्रजा र लालकुमार प्रजाको हकमा केही उल्टी भई निजहरूलाई जनही ५ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने र अन्य प्रतिवादीहरूको हकमा सुरू सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल पुस २७ गते रोज ३ शुभम् ।

**१५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CR-१३०८, लागु औषध, नेपाल सरकार वि. सुनिल पोखरेल*

मिति २०७०/०९/१३ गतेका दिन प्रतिवादी सुनिल पोखरेलको साथबाट लागु औषध डाईजेपाम २६ एम्पुल, व्युप्रिनोर्फिन २६ एम्पुल, फेनारगन २६ एम्पुल बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ । उक्त बरामदित वस्तु केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्दा डाईजेपाम र व्युप्रिनोर्फिनमा लागु औषध पाइएको र फेनारगन लागु औषधको परिभाषाभित्र पर्ने देखिँदैन भनी परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले लागु औषध सेवन गर्छु र केही बिक्री गर्छु, बरामद भएको लागु औषध सेवन गर्ने प्रयोजनको लागि खरिद गरी लिई हिँडेको अवस्थामा प्रहरीले बरामद गरेको हो भनी बयान गरेको देखिन्छ । यसरी नै निजले अदालतमा आई बयान गर्दा मैले पक्राउ पर्नुभन्दा ३/४ महिना अधिबाट लागु औषध सेवन गर्दथेँ। म आफूले सेवन गर्नका लागि लिई

हिँडेकोमा लिलाचोकबाट उक्त बरामदी मुचुल्कामा उल्लिखित लागु औषध प्रहरीले बरामद गरेको हो। मैले उक्त लागु औषध सुनौलीबाट खरिद गरी ल्याएकोमा २ डोज जति सेवन गरी बाँकी रहेको लागु औषध बरामद भएको हो । बरामदी मुचुल्का र प्रहरी प्रतिवेदनको बेहोरा ठीकै हो, सेवन मात्र गर्छु बिक्री वितरण गर्दिन भनी खुलाएको देखिन्छ । प्रतिवादीको आफू सेवन गर्ने भन्ने उक्त बयान बेहोरालाई प्रतिवादीका साक्षी दिनेश खातीको बकपत्रबाट पनि पुष्टि भएको पाइन्छ। बरामदित परिमाणबाट सेवनबाहेक अनेक प्रयोजनको लागि खरीद गरी ल्याएका हुन् भनी भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादी सुनिल पोखरेललाई लागु औषध सेवन गरेकोले लागु ओषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) अनुसार जनही २ महिना कैद र रू.२,०००।- जरिवाना हुने ठहऱ्याई सुरु चितवन जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।६।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम्।

## इजलास नं. २

### १६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१२७३, जबरजस्ती करणी, यदुलाल भन्ने एकुराज भण्डारी वि. परिवर्तित नाम सुष्माको जाहेरीले नेपाल सरकार*

पुनरावेदक प्रतिवादी एकुराज भण्डारीले पीडित परिवर्तित नाम सुमीलाई जबरजस्ती करणीको उद्योग नभई जबरजस्ती करणीको कसुर गरेको देखिँदा निज एकुराज भण्डारीलाई जबरजस्ती करणीको महलको ३ नं. को कसुरमा निजलाई ऐ. महलको ३(१) नं.बमोजिम १० (दश) वर्ष कैद हुने र सोही महलको १०ग नं. बमोजिम रू. ५०,०००।– (पचास हजार रूपियाँ) प्रतिवादीबाट पीडितलाई भराइदिने ठहर गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।०८।०८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल जेठ २६ गते रोज ५ शुभम् ।

## इजलास नं. ३

### १७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७७-RB-००५२, ०७६-RB-०५५८, बैकिङ कसुर, ओमनारायण राजबातर धामी वि. नेपाल सरकार, नेपाल सरकार वि. ओमनारायण राजबातर धामी*

पुनरावेदक प्रतिवादीले आफ्नो खातामा पर्याप्त रकम नहुँदा नहुँदै जाहेरवालालाई चेक जारी गरेको तथ्य स्वीकार गरी पुनरावेदन जिकिर लिएको र सुरू फैसलाबमोजिमको कैद तथा जरिवानासमेत स्वीकार गरेको परिस्थितिमा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम बैंकिङ कसुरमा सजाय गर्ने गरेको उच्च अदालत विराटनगरको फैसला अन्यथा रहेको भन्न सकिने अवस्थाको देखिन आएन। अभियोग दाबीबाट सफाइपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

वादी नेपाल सरकारको पुनरावेदन हेर्दा, प्रतिवादीलाई अभियोग दाबीबमोजिम १५ दिन कैद र रू.१४,००,०००।- (चौध लाख रूपियाँ) जरिवाना हुने ठहर भएको अवस्थामा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीबाट

जरिवानाको ४ प्रतिशतले हुने आउने रू.५६,०००।- (छपन्न हजार रूपियाँ) समेत निर्धारण गरी क्षतिपूर्ति राहत कोषमा प्रतिवादीबाट जम्मा गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ। यस सम्बन्धमा अपराध पीडित संरक्षण ऐन, २०७५ नेपालको संविधानको धारा २१ को अपराध पीडितको हकको यथोचित रूपमा कार्यान्वयन गर्न बनेको देखिन्छ। यसै ऐनको दफा ४१ मा क्षतिपूर्ति शुल्कसम्बन्धी व्यवस्था रहेको छ । सोही दफाको उपदफा (३) मा कैद र जरिवाना दुवै सजाय भएको अवस्थामा कैद र जरिवानामध्ये हिसाब गर्दा जुन रकम बढी हुन्छ त्यति रकम क्षतिपूर्ति शुल्क बुझाउनुपर्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ। यस कानूनी व्यवस्था स्वच्छिक नभई बाध्यकारी रहेको देखिन्छ।

पुनरावेदक प्रतिवादी ओमनारायण राजबातर धामीलाई अभियोग दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम १५ दिन कैद, रू.१४,००,०००।- (चौध लाख रूपियाँ) जरिवाना र बिगो जाहेरवालाले भराइपाउने गरी उच्च अदालत विराटनगरबाट मिति २०७६।१०।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कालिबहादुर साम्पु लिम्बु

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल आषाढ ८ गते रोज ६ शुभम्।

## १८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७६-CR-१४६८, जबरजस्ती करणी, देशबहादुर भन्ने भक्तबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीले पीडित परिवर्तित नाम ०८ महालक्ष्मी (ख१) लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकाले निजलाई सुरू धनकुटा जिल्ला अदालतबाट अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (३) बमोजिमको जबरजस्ती करणीसम्बन्धी कसुरमा ऐ.ऐ. दफाको उपदफा (३) को (ख) बमोजिम १४ (चौध) वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू.४१,०००।- (एकचालिस हजार) क्षतिपूर्तिबापत भराइदिने गरी मिति २०७५।९।१५ मा भएको कसुर ठहर र मिति २०७५।९।२३ मा भएको सजाय निर्धारण फैसलासमेत मिलेको देखिएकोले सदर हुने ठहर्छ भन्ने उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।७।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम्।

## १९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७४-CI-०८०५, ०७१-CI-१३७९, निर्णय बदर हक कायम, पञ्चकृष्ण श्रेष्ठ वि. हरिमाया कायस्थ, हरिमाया कायस्थ वि. पञ्चकृष्ण श्रेष्ठ*

वादी दाबीबमोजिम हुनुपर्ने होइन हाम्रो क्षेत्रफलअनुरूपकै हक स्थापित हुनुपर्छ भन्ने प्रतिवादीहरूको प्रतिउत्तर जिकिर रहेको पाइन्छ । वादी दाबीबमोजिम नै सो जग्गामा ३ खण्डको १ खण्ड वादीको हक कायम हुने ठहरेको सुरूको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी आजै पुनरावेदक पञ्चकृष्ण श्रेष्ठ तथा प्रत्यर्थी हरिमाया कायस्थ भएको ०७४-CI-०८०६ तथा पुनरावेदक हरिमाया कायस्थ प्रत्यर्थी पञ्चकृष्ण श्रेष्ठ भएको ०७१-CI-१३८० को निर्णय बदर हक कायम मुद्दामा फैसला भएकाले प्रस्तुत मुद्दामासमेत सोही आधार कारणबाट साबिक कि.नं. ४८४ हाल कायम कि.नं. ११५ मा तीनै जनाको बराबर हक कायम हुने ठहराएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।५।१७ को फैसला

मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २८ गते रोज ३ शुभम् ।

यसैसाथ लगाउमा निम्न मुद्दाहरूमा समेत यसैअनुसार फैसला भएका छन् :

- ०७४-CI-०८०७, ०७१-CI-१३८१, निर्णय बदर हक कायम, पञ्चकृष्ण श्रेष्ठ वि.विष्णु श्रेष्ठ, हरिमाया कायस्थ वि. विष्णु श्रेष्ठ
- ०७४-CI-०८०६, ०७१-CI-१३८०, निर्णय बदर हक कायम, पञ्चकृष्ण श्रेष्ठ वि. हरिमाया कास्थसमेत, हरिमाया कायस्थ वि. पञ्चकृष्ण श्रेष्ठ

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CR-००२३, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामबहादुर घले*

फौजदारी मुद्दामा अभियुक्तको वारदात तथा कसुरमा संलग्नता रहे नरहेको तथ्यको यकिन अनुसन्धानको क्रममा सङ्कलित प्रमाणहरूको अदालतमा पुष्ट्याइँसमेतको आधारमा सुक्ष्मरूपमा विश्लेषण गरी गर्नुपर्ने हुन्छ । वारदात एवम् आरोपित कसुरमा प्रतिवादीको संलग्नता रहे नरहेको कुराको यकिन गर्ने प्रथमतः आधार नै अनुसन्धानको क्रममा सङ्कलित प्रमाणहरू हुन् । अनुसन्धानको क्रममा आरोपितउपरको कसुर खम्बिर हुने गरी सम्भव भएसम्म को वस्तुनिष्ठ एवं वैज्ञानिक प्रमाण सङ्कलन गरी मालाकार रूपमा प्रस्तुत हुनुपर्दछ । यही प्रमाण न्यायिक निकायमा परीक्षण तथा पुष्ट्याई भई आरोपित व्यक्तिलाई कसुरदार करार गर्नुपर्ने हुन्छ । सङ्कलित सबुत, दसी प्रमाणले शंकारहित तवरमा आरोपित कसुरलाई स्थापित गर्न नसकेको अवस्थामा शंकाको भरमा आरोपितलाई कसुरदार करार गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने हुँदैन । तसर्थ, प्रतिवादी रामबहादुर घलेउपरको आरोपित कसुर शंकारहित तवरले वादी नेपाल सरकारको तर्फबाट पुष्टि हुन नआएको अवस्थामा सुरू काठमाडौं जिल्ला अदालतबाट निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोगदाबीबाट सफाइ दिने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला अन्यथा भन्न मिलेन । वादी नेपाल सरकारको प्रतिवादीलाई अभियोगदाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधार कारणसँग सहमत हुन सकिएन ।

काठमाडौं जिल्ला अदालतबाट प्रतिवादी रामबहादुर घलेलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसला उल्टी गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट प्रतिवादीलाई अभियोगदाबीबाट सफाइ हुने ठहर गरी मिति २०७२।०३।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- कालिबहादुर साम्यु लिम्बु

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल आषाढ ५ गते रोज ३ शुभम् ।

२१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-RB-०००५, आयकर (आ.व. ०६२।०६३), जगदीश रेग्मी वि. एभरेष्ट पेपर मिल्स प्रा.लि. जनकपुर, धनुषा*

आयकर ऐनको दफा १६ मा मर्मत तथा सुधार खर्चको सम्बन्धमा खर्च कट्टी गर्न पाउने छुट्टै

कानूनी व्यवस्था रहेको पाइन्छ । तर ऐनले व्यवस्था गरेको कानूनी प्रबन्धलाई तत् उद्देश्यकै लागि प्रयोग र व्याख्या गर्नुपर्ने हुन्छ । सो दफा १६ मा मर्मत सुधारमा भएको खर्च कट्टी गर्न पाउने नै हुन्छ । केबल उद्योगमा लगानी भएसरह सुरूमा सबै रकम कट्टी गर्न पाउनुपर्छ भन्ने प्रत्यर्थी करदाताको तर्क आयकर ऐन, २०५८ को मनसाय र भावनासँग मेल खाँदैन । सो शीर्षकमा ऐ. दफा १६ को उपदफा (२) बमोजिम ह्रास आधार रकमको सात प्रतिशत मात्र खर्च कट्टी पाउने गरी सुरू कार्यालय तथा विभागले गरेको निर्णय मिलेको देखिँदा सदर गर्नुपर्नेमा उल्टी गरी उक्त शीर्षकमा करदाताले पूरै खर्च कट्टी पाउने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला सो हदसम्म मिलेको देखिएन ।

करदाता एभरेष्ट पेपर मिल्स प्रा.लि. ले आ.ब. २०६२।०६३ मा कन्जुमेवल एण्ड स्टोर खर्चबापत खर्च कट्टीको दाबी गरेको रकम रू.१,०२,८५,४०३।– लाई खर्च कट्टी गर्न नपाउने खुद आयमा समावेश गर्ने गरी सुरू कार्यालय तथा विभागबाट भएको निर्णय सदर गर्नुपर्नेमा नगरी सो हदसम्म केही उल्टी हुने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।०६।१० मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म उल्टी भई कन्जुमेवल एण्ड स्टोर खर्चबापत करदातालेखर्च कट्टीको दाबी गरेको रकम रू. १,०२,८५,४०३।– लाई यस आ.व.मा पुरै खर्च कट्टी गर्न नपाउने गरी सुरू कार्यालय तथा आन्तरिक राजश्व विभागको निर्णय मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजन खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत २०७९ कार्तिक १४ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा पनि यसैअनुसार फैसाल भएको छ :

- ०७३-RB-०००६, आयकर, जगदीश रेग्मी वि. एभरेष्ट पेपर मिल्स प्रा.लि. जनकपुर, धनुषा
- ०७३-RB-०००७, आयकर, जगदीश रेग्मी वि. एभरेष्ट पेपर मिल्स प्रा.लि. जनकपुर, धनुषा
- ०७३-RB-०००८, मूल्य अभिवृद्धि कर, जगदीश रेग्मी वि. एभरेष्ट पेपर मिल्स प्रा.लि. जनकपुर, धनुषा

## २२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७३-WO-०१४१, उत्प्रेषणसमेत, शान्तमणि ढकाल वि. नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरसमेत*

निवदेकले आफूले गर्नुपर्ने कर्तव्य पूरा गरी शिक्षक सेवा नियमावलीबमोजिम सम्बन्धित निकायमा ०६८।०६९ को कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पठाइएको स्थिति रहेकोमा सो कार्य सम्पादन मूल्याङ्कन फारामलाई नियमावलीबमोजिम कानूनी अस्तित्व प्रदान गर्ने आवश्यक पर्ने कार्यहरू गर्ने जिम्मेवारी भएका व्यक्ति तथा निकायले नगरिदिएको कारण निवेदकको सो कार्य सम्पादन मूल्याङ्कन फारामले मान्यता नपाएको भन्ने देखियो । शिक्षक सेवा नियमावलीबमोजिम शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फारामलाई मूल्याङ्कन गरी बढुवा प्रयोजनका लागि मान्यता पाउने गरी राख्नुपर्नेमा सो कार्य जिम्मेवार निकायबाट भएको गल्तीको कारण निवेदकको बढुवा हुन नसकेको देखियो । निवेदकलाई पर्न गएको उक्त मर्का स्वाभाविक हो भन्न मिलेन । यसरी वि.नं. ०५।०७१।०७२ को बढुवा विज्ञापन सूचनाको काम कारबाहीको क्रममा मिति २०७२।१२।०५ को शिक्षक सेवा आयोगको नतिजा पुनरावलोकन सूचनाबमोजिम अन्य तीन जना प्रत्यर्थीहरूले नियुक्ति पाई लामो अवधि सेवा गरी समय व्यतीत भइसकेकोको

देखिँदा अब रिक्त हुने सो पदमा निवेदकलाई प्राथमिकता दिई बढुवा नियुक्तिसम्बन्धी कारबाही गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत :- डोलनाथ न्यौपाने

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल माघ २३ गते रोज २ शुभम् ।

**२३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-MS-००२४, अदालतको अवहेलना, इन्द्रसिंह सामन्तसमेत वि. झलकराम अधिकारीसमेत*

यिनै निवेदकहरूसमेतले ०७७-WO-०६२५ को उप्रेषण रिट निवेदन दर्ता गरेको देखिन्छ । सोही निवेदनमा निवेदकहरूले राजस्व समूहको रा.प. तृतीय श्रेणीको पदमा बढुवाको विज्ञापनको लागि दिएको दरखास्त फाराम नबुझेको भन्ने पाइन्छ । सो तथ्यको बारेमा कुनै कुरा उल्लेख नगरी ०७७-WO-०६५५ को रिट निवेदन दर्ता भएको देखिन्छ । साथै, प्रत्यर्थीहरूले अदालतको अवहेलना गर्ने नियत राखी कार्य गरेको देखिन आएन । आदेशानुसार तालिममा सहभागी नगराउने भन्ने मनसायले लिखित जबाफ दिएको पनि देखिएन । अतः प्रत्यर्थीहरूले अदालतको अवहेलना गरेको हुँदा सजाय गरिपाउँ भन्ने निवेदन दाबी नपुग्ने ।

इजलास अधिकृत : राजन खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७७-WO-०६५५, उत्प्रेषण, इन्द्रसिंह सामन्तसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत
- ०७७-WO-०६२५, उत्प्रेषण, इन्द्रसिंह सामन्तसमेत वि. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहर भवन ललितपुरसमेत

**२४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WO-१०९१, उत्प्रेषणसमेत, रामचन्द्रप्रसाद ढुंगानासमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बढुवा समिति, बढुवा समितिको सचिवालय, सिंहदरबार*

निवेदकहरूले बढुवा समितिले लोक सेवा आयोगको बढुवा सूचना नं १४७/०७७-०७८बमोजिमको बढुवा प्रक्रिया स्थगित गरेको कारण आफूहरूको वृत्ति विकासमा असर परेको हुँदा बढुवा समितिको मिति २०७७।१२।०७ को निर्णय बदर गरी बढुवा प्रक्रिया अगाडि बढाउन माग गरेको देखिन्छ । उम्मेदवारहरूको वृत्ति विकासलाई असर पर्ने गरी गरिएको बढुवा समितिको मिति २०७७।१२।०७ को निर्णय कार्यान्वयन नगर्नु भनी यसै अदालतबाट मिति २०७८।०१।१४ मा अन्तरिम आदेश जारी भई उक्त आदेशबमोजिम सो बढुवासम्बन्धी कार्यसमेत मिति २०७८।०४।०५ मा सम्पन्न भइसकेको देखियो । निवेदकको मागबमोजिम बढुवा कार्यसमेत सम्पन्न भइसकेको अवस्थामा प्रस्तुत निवेदनको औचित्यसमेत देखिन आएन ।

अतः माथि विवेचित निवेदनको बेहोरा एवं सम्बद्ध कागज प्रमाणसमेतलाई हेर्दा, यस अदालतबाट मिति २०७८।०१।१४ मा जारी भएको अन्तरिमबमोजिम निवेदन माग अनुसार निवेदकहरूको बढुवा कार्य सम्पन्न भई प्रस्तुत रिट निवेदनको औचित्यसमेत देखिन नआएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : राजन खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम् ।

## इजलास नं. ४

### २५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७७-WH-०१९१, बन्दीप्रत्यक्षीकरण, मनोजकुमार साह तेली वि. बारा जिल्ला अदालत, कलैयासमेत*

निवेदक प्रतिवादीसमेतउपर बारा जिल्ला अदालतमा चलेको खोटा चलन मुद्दा विचाराधीन अवस्थामा रहेको पाइयो । यस अवस्थामा अहिले रिट क्षेत्राधिकारअन्तर्गत प्रस्तुत निवेदनका सन्दर्भमा मातहत अदालतमा विचाराधीन खोटा चलन मुद्दाको अन्तरवस्तुमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी विचाराधीन मुद्दा निरूपण गर्न असर पर्ने गरी आदेश गर्नु उचित देखिँदैन। यसै सन्दर्भमा रिट निवेदक विजय राज तुलाधर वि. काठमाडौं जिल्ला अदालतसमेत भएको (ने.का.प. २०७५,अङ्क १० नि.नं. १०१०८) बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट "विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रिया अनुसार मुद्दाको सुनुवाई हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब नहुने" भनी व्याख्या गरेको पाइन्छ । यसरी निवेदक मनोज कुमार साह तेलीलाई मुद्दाको कारबाहीको सिलसिलामा अदालतको आदेशबमोजिम न्यायिक थुनामा राखेको देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने।

कुनै पनि व्यक्तिलाई बदनियतका साथ थुनामा राखेको अवस्था, अधिकार क्षेत्रात्मक त्रुटि गरी कानूनले अधिकार नै नदिएको व्यक्ति वा निकायले थुनामा राखेको अवस्था, कानूनद्वारा निर्धारित प्रक्रिया प्रतिकूल थुनामा राखिएको अवस्था, प्राकृतिक न्यायको सिद्धान्त, प्राङ्न्यायको सिद्धान्त एवं दोहोरो खतराको सिद्धान्तजस्ता न्यायका आधारभूत मान्यता प्रतिकूल थुनामा राखिएको अवस्थामा अदालतले न्यायिक हिरासतमा रहेको अवस्थामासमेत बन्दीप्रत्यक्षीकरण जारी गर्न सक्ने हुन्छ । तर तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी अधिकारप्राप्त अधिकारीले राखेको न्यायिक हिरासतको हकमा बन्दीप्रत्यक्षीकरण जारी गर्दा मुद्दाको निर्णय हुन बाँकी नै रहेबाट न्यायिक हस्तक्षेप त हुन पुग्दैन भन्ने कुरामा सतर्कता अपनाउनुपर्ने भनी सिद्धान्त स्थापित भएको पाइन्छ। उक्त सिद्धान्तअनुरूप निवेदक मनोजकुमार साह तेलीलाई तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी न्यायिक हिरासतमा राखेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने नदेखिने।

अत: माथि विवेचित आधार कारणहरूसमेत बाट निवेदक मनोजकुमार साह तेलीसमेतलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१)(ख) बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०७७/४/२९ मा बारा जिल्ला अदालतबाट भएको आदेश सदर गर्ने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७७/९/२ मा भएको आदेशबमोजिम थुनामा रहेकोलाई गैरकानूनी थुना भनी मान्न मिलेन । निवेदक मनोजकुमार साह तेलीलाई कानूनबमोजिम नै मुद्दा पुर्पक्षका लागि थुनामा राखेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल चैत्र २ गते रोज २ शुभम् ।

### २६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७३-CR-०८८६, झुट्टा बकपत्र,*

*कन्चन श्रेष्ठ वि. हिमाली श्रेष्ठ*

लगाउमा रहेको ०७२-CR-१४८२ को करकाप मुद्दामा वादी कन्चन श्रेष्ठले गरेको करकाप गरी कागज गराएको भन्ने फिरादपत्र दाबी पुग्न नसक्ने ठहरी आज यसै इजलासबाट फैसला भएको छ । परिणामत: हिमाली श्रेष्ठले उक्त मुद्दाका प्रतिवादीहरूले लिएको जिकिरको समर्थनमा गरेको बकपत्रलाई झुट्टा भनी ठहर गर्न मिल्ने देखिँदैन । करकाप मुद्दामा बकपत्र गर्दा हिमाली श्रेष्ठले नभए नगरेको झुट्टा वा बनावटी कुरा उल्लेख गरेको भनी मान्न सकिने कुनै तथ्ययुक्त कारण वा आधार खुल्न आएकोसमेत पाइएन । अतः प्रतिवादीले झुट्टा बकपत्र गरेको भन्ने वादी दाबी नपुग्ने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१/२/८ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/११/२५ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७८ साल फाल्गुण ६ गते रोज ६ शुभम् ।

## २७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७९-WO-०२४७, उत्प्रेषणसमेत, चक्र बुढासमेत वि. नेपाल सरकार, वन तथा भू-संरक्षण विभाग, काठमाडौंसमेत*

नेपालको संविधानले सङ्घीयतालाई आत्मसात् गरेको छ, सङ्घीयताको प्रतिफल आम जनसाधारणले उपभोग गर्न पाउनु नै पर्दछ । तल्लो निकायमा हस्तान्तरणयोग्य अधिकारहरू केन्द्रमा नै **सिमीत** गरिनु लोक-कल्याणकारी मान्यताको प्रतिकूल पनि हुन जान्छ । नेपालको संविधानले वन व्यवस्थापनको कुरामा प्रदेश सरकारलाई पनि अधिकार सम्पन्न गराएको छ । साबिकमा पनि कर्णाली प्रदेशका जनताले स्थानीयस्तरबाट नै अनुमति लिएर जडिबुटी सङ्कलन गर्ने गरेको देखिन्छ । यस अवस्थामा अनुमति प्राप्त गर्ने / प्रदान गर्ने कुरालाई केन्द्रीकृत गर्नु मनासिब हुँदैन । नेपालको संविधानको अनुसूची ६ मा रहेको प्रदेशको अधिकारको सूचीको क्रम संख्या १९ मा "प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन" विषयमा कानून निर्माण गर्ने अधिकार प्रदेश सरकारलाई हुने कुरा उल्लेख छ । सोही प्रावधानबमोजिम कर्णाली प्रदेशले कानून निर्माण गरी कर्णाली प्रदेशको राजपत्र खण्ड (४) वीरेन्द्रनगर, सुर्खेत, चैत्र ०६ गते, २०७८ साल (अतिरिक्ताङ्क ३८) मा वन ऐन प्रकाशन गरेको पाइयो । यसरी प्रकाशित (जारी भएको) कर्णाली प्रदेश वन ऐन, २०७८ को दफा १४ मा सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहने; वन पैदावार उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न तोकिएको निकाय वा अधिकारीले तोकिएबमोजिम इजाजत दिन सक्ने; र इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिएबमोजिम हुने कुरासमेत उल्लेख भएको देखिन्छ । उक्त ऐनको दफा ७ मा नेपाल सरकारले तयार गरेको प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको रणनीतिक योजनाबमोजिम प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण, व्यवस्थापन र सदुपयोगको व्यवस्था गर्ने छ" भनी उल्लेख भएको छ । यस अवस्थामा कर्णाली प्रदेश वन ऐन, २०७८ बमोजिम कर्णाली प्रदेशभित्रका जिल्लाहरूमा वन पैदावारको सङ्कलन अनुमति, छोडपुर्जीलगायतका कार्य कर्णाली प्रदेशअन्तर्गतका निकायले गर्न सक्तैनन् वा पाउँदैनन भनी मान्न नमिल्ने ।

संकटापन्न वन्यजन्तु तथा बनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा १६ को उपदफा (१) बमोजिम वन्यजन्तु वा सो को नमुनाको सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई र वनस्पति वा सोको नमूनाको सम्बन्धमा वन तथा भू-संरक्षण विभागलाई व्यवस्थापन निकाय मानिएको भए पनि सोही दफाको उपदफा

(२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास वन्यजन्तु वा वनस्पति वा सोको नमुनाको सम्बन्धमा कुनै खास निकायलाई व्यवस्थापन निकायको रूपमा तोक्न सक्ने" प्रावधान रहेको देखिन्छ । यसरी संकटापन्न वन्यजन्तु तथा वनस्पतिको सम्बन्धमा सरकारले कुनै खास निकायलाई व्यवस्थापन निकायको रूपमा काम गर्ने गरी जिम्मेवारी दिन सक्ने व्यवस्था सङ्घीय कानूनमा समेत गरिएको हुँदा जिल्ला स्थित वन कार्यालयमा जडीबुटी सङ्कलन अनुमति तथा छोडपुर्जी दिने अख्तियारी दिने गरी आवश्यक प्रबन्ध मिलाउन सकिने।

प्रत्यर्थी वन तथा भू-संरक्षण विभागले लिखित जवाफमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धिको अनुसूचि-२ मा उल्लिखित प्रजातिको रूपमा रहेको जटामसीलाई प्रत्येक वर्ष साइटिस सचिवालयबाट कोटा लिएर मात्र विदेश निकासी गर्नुपर्ने, उक्त वनस्पतिको विदेश निकासीको लागि नेपाललाई साइटिस सचिवालयबाट प्राप्त अन्तर्राष्ट्रिय कोटाबमोजिम मात्र साइटिस निकासीको प्रमाणपत्र जारी गर्ने एक मात्र अधिकार वन तथ भू-संरक्षण विभागका महानिर्देशकलाई रहने भएको हुँदा सङ्कलन अनुमतिसमेत विभागबाट नै लिनुपर्ने भनी जिकिर गरेको पाइयो । उक्त जिकिर कुनै सारवान विषयवस्तु अन्तर्निहित जटिल कानूनी अड्चन हो भन्ने देखिँदैन । वन तथा भू-संरक्षण विभागले आफ्ना मातहतका वन कार्यालयहरूलाई जडिबुटी सङ्कलन गर्ने गराउने प्रयोजनका लागि उचित र आवश्यक मार्गदर्शन दिन सक्ने नै हुन्छ । मातहत कार्यालयलाई जडीबुटी सङ्कलनको कोटा निर्धारण गरी तदनुरूप सङ्कलित जडिबुटी निकासीका लागि प्रमाणपत्र जारी गर्ने कार्य वन तथ भू-संरक्षण विभागका महानिर्देशकले गर्न सक्ने नै हुन्छ। तदनुसारको व्यवस्थापन मिलाउन नसकिने कुरा होइन। यो सामान्य प्रशासनिक समन्वयको कुरा हो । यस प्रकारका सामान्य व्यवस्थापनसम्बन्धी समन्वयको विषयमा प्राविधिक कारण वा अड्चन देखाएर आम जनसाधारणलाई असुविधा र मर्का पर्ने कार्य गर्नु औचित्यपूर्ण मानिदैन। सेवा प्रवाहलाई सरलीकरण र सहज बनाउँदै लैजानुपर्दछ, प्राविधिक कारण अगाडि सारेर सेवा प्रवाहमा अनावश्यक जटिलता कायम गर्नु उचित नहुने।

अत: कर्णाली प्रदेश वन ऐन, २०७८ मा रहेका प्रावधान तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा १६(२) बमोजिम स्थानीय जनताको हक अधिकार र सुविधा संरक्षित हुने गरी प्रदेश सरकारसँगसमेत आवश्यक समन्वय कायम गरी जटामसीलगायत का वनस्पतिको व्यवस्थापन गर्ने निकायको रूपमा आगामी आर्थिक वर्षदेखि जिल्ला स्थित वन कार्यालयलाई तोक्ने व्यवस्था गर्नु र जडीबुटी सङ्कलन तथा निकासीका लागि आवश्यक सरल र स्थानीय जनताका लागि सुविधायुक्त व्यवस्था मिलाउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल पौष २४ गते रोज १ शुभम्।

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-WO-०३६५, उत्प्रेषण, मुनरसिंह राजपुत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

यस अदालतबाट मिति २०७४/८/२६ र २०७४/९/२५ को आदेशानुसारसमेत गोपाल मन्दिर र सो जगगामा रहेको संरचना, रूख, बिरूवा,

बगैँचा आदिमा कुनै किसिमको क्षति नपुर्‍याउनु भनी अन्तरिम आदेशसमेत जारी भएको देखिन्छ। विवादको जग्गा जमीन ॐ शिवशक्ति कल्याणी केन्द्रलाई दलीय संयन्त्रले प्रयोग गर्नसम्म दिएको तर सो संस्थाका नाममा नै हक हस्तान्तरण गरिदिएको भन्ने पनि देखिएको छैन । मठमन्दिरको भोगेको जग्गा भएको अवस्थामा पनि उक्त जग्गा नेपाल सरकारका नाममा दर्ता रहेको कारणले निवेदकको हक मेटिने अवस्था देखिँदैन। नेपाल सरकारका नाममा दर्ता रहेको जग्गा सो दर्ता बदर गरी निवेदकका नाममा दर्ता गर्नुपर्नेसम्म को उचित आधार र कारण निवेदकबाट पेस हुन सकेकोसमेत देखिँदैन। विवादको जग्गामा साबिकदेखि मन्दिर रहे भएको स्थितिमा जग्गा नेपाल सरकारका नाममा दर्ता भए तापनि मन्दिर सञ्चालनलगायतका धार्मिक कार्य हुन सक्ने नै देखिँदा विवादको कि. नं. २३ को जग्गा नेपाल सरकारका नाममा दर्ता हुने गरी भएको निर्णयलाई उत्प्रेषणको आदेश जारी गरी बदर गरिरहनुपर्ने अवस्था देखिएन।

यसरी उत्प्रेषणको आदेश जारी नभए पनि मन्दिरको व्यवस्थापन, धार्मिक कार्य सञ्चालनका विषयमा रिट निवेदक गोपाल मन्दिरका पुजारी तथा विपक्षी ॐ शिवशक्ति कल्याणी केन्द्रसमेतबिच विवाद भई मन्दिरको पूजालगायत अन्य क्रियाकलापमा प्रतिकूल असर परेको भन्ने निवेदन लेखबाट देखिँदा यस विषयमा आवश्यक व्यवस्थापन हुनु जरूरी देखिएको छ। मठ मन्दिर परिसरको विवादको जग्गा के कसरी उपयोग गर्ने भन्ने सम्वन्धमा यकिन हुनु पनि आवश्यक हुन्छ। यसका लागि आगामी समयमा कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा एउटा निश्चित न्यूनतम समझदारी हुनुपर्ने देखिन्छ। यस सम्वन्धमा जिल्ला प्रशासन कार्यालय सुनसरी तथा धरान उपमहानगरपालिकाले समन्बय कायम गरी रिट निवेदक र विपक्षी ॐ शिवशक्ति कल्याणी केन्द्रले मन्दिर सञ्चालनमा के कति अधिकार वा भूमिका प्राप्त गर्ने हो भन्ने विषयमा आवश्यक व्यवस्था अविलम्ब मिलाउनु भनी जिल्ला प्रशासन कार्यालय सुनसरी तथा धरान उपमहानगरपालिकाको कार्यालयका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : रूद्रप्रसाद अर्याल

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल जेठ २२ गते रोज २ शुभम्।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७८-WO-१०४९, उत्प्रेषण, कृष्णमाया परियार वि. ललितपुर जिल्ला अदालत, लगनखेल ललितपुरसमेत*

अंशियार संख्या र अंशबन्डा लाग्ने सम्पत्ति सम्बन्धमा पुन: तथ्यगत स्थिति यकिन गरी न्यायोचित निष्कर्षमा पुग्नु वाञ्छनीय देखियो । अंश मुद्दामा भएको फैसला कार्यान्वयनका सन्दर्भमा अंशियार सङ्ख्या घटबढ भएको स्थिति देखिएमा सो कुरा यकिन गरी बन्डा लगाउँदाको अवस्थामा कायम रहेका सवै अंशियारहरूले अंश पाउने गरी बन्डा गरिदिन सकिने न्यायिक अभ्याससमेत रहेको हुँदा उल्लिखित मान्यताप्रतिकूल भए गरिएको हदसम्म म्याद तामेली कार्य, पेस भएको तायदाती फाँटवारी, तदनुसार गरिएका फैसलाहरू र कार्यान्वयनका सन्दर्भमा भए गरिएका काम कारबाहीहरूसमेत उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब यसमा रिट निवेदक तथा प्रत्यर्थीहरू को को र कति जना अंशियार कायम हुने हो ? कुन कुन सम्पत्तिबाट अंशभाग बन्डा लगाईदिनुपर्ने हो ? भन्ने सम्बन्धमा दुवै पक्षलाई बुझी, प्रतिवादको अवसर प्रदान गरी, सम्बन्धित सवै अंशियारहरूबाट पुन: अंशको तायदाती फाँटवारी लिई कानूनबमोजिम न्याय निरूपण गरी (फैसला/आदेश जे जो गर्नुपर्छ गरी) अंशबन्डा छुट्याइदिनेसमेतका काम कारबाही गर्नु

गराउनु भनी ललितपुर जिल्ला अदालतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत ३ गते रोज ६ शुभम्।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७५-CR-०२१२, ०७५-CR-०५८३, लागु ओषध (खैरो हेरोइन), दिनबन्धु झा वि. नेपाल सरकार नेपाल सरकार वि. संजय राउत भन्ने सुरेन्द्र राउत कुर्मी*

प्रतिवादी दिनबन्धु झाको साथबाट ७८ ग्राम लागू खैरो हेरोइन बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । आफ्नो साथबाट उक्त लागु औषध बरामद भएको हो भनी बरामदी तथ्यलाई स्वीकार गरी निज दिनबन्धु झाले प्रहरी अनुसन्धानको क्रममा बयान गर्दा तथा अदालतसमक्ष बयान गर्दासमेत स्वीकार गरेको पाइयो । बरामद गरिएको लागु औषध खैरो हेरोइन हो भन्ने तथ्य विधि-विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको छ । कुनै निर्दोष सन्दर्भ र प्रयोजनबाट उक्त लागु औषध निज प्रतिवादी दिनबन्धु झाको साथमा रहन पुगेको देखिने कुनै विश्वसनीय प्रमाण पेस हुन आएको देखिएन । सहअभियुक्तको बयानलगायत बुझिएका मानिसहरूको भनाइसमेत बाट प्र. दिनबन्धु झाकै साथबाट लागु औषध बरामद भएको भन्ने देखिएको छ । यस अवस्थामा लागु ओषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम निर्दोष प्रयोजनले आफ्नो साथमा लागु औषध रहन गएको भन्ने कुराको प्रमाण पुर्‍याउने भार प्रतिवादीमा नै रहने हुन्छ। तर प्रतिवादी दिनबन्धु झाले सोबमोजिम प्रमाण गुजार्न सकेको देखिँदैन । प्रमाणबाट निज प्रतिवादी दिनबन्धु झाउपरको अभियोग दाबी शंकारहित तबरबाट पुष्टि भएको देखिँदा निजलाई कसुरदार कायम गरी सजाय हुने ठहर गरेको उच्च अदालतको फैसला मनासिब नै देखिने।

प्रतिवादी संजय राउत भन्ने सुरेन्द्र राउत कुर्मीको हकमा विचार गर्दा, निजबाट लागु औषध बरामद भएको पाइएन। कामको सिलसिलामा बालाजु माछा पोखरीको साइटमा जाँदा नयाँ बसपार्कभित्रको होटलभित्र पानी खाएर बसेकोमा प्रहरीले पक्राउ गरेपछि नाम थाहा भएको दिनबन्धु झा त्यहीँ बसेको र निजलाई प्रहरीले पक्राउ गर्दाको अवस्थामा मलाईसमेत प्रहरीले पक्राउ गरेको हो, मैले कुनै कसुर गरेको छैन भनी निज प्रतिवादी संजय राउत भन्ने सुरेन्द्र राउत कुर्मीले आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गर्दा निर्दोषिताको जिकिर गरेको देखियो। प्रहरी अनुसन्धानको सिलसिलामा समेत निजले आरोपित कसुर स्वीकार गरेको देखिँदैन। सहअभियुक्त दिनबन्धु झाको बयान हेर्दासमेत निजले प्रस्टसँग पोल गरेको अवस्था रहेको पाइएन। वादी पक्षको साक्षी (बरामदी मुचुल्काका साक्षी) पप्पु गुप्ताले बकपत्र गर्दा निज मेरो न्यू परौठा हाउस एण्ड भोजनालयको काउन्टरमा बसी रहको अवस्थामा प्रतिवादी संजय राउत भन्ने सुरेन्द्र राउत कुर्मी भोजनालयभित्र मेचमा बसी टेबलमा रहेको जगको पानी खाइरहेको अवस्थामा ३/४ जना प्रहरी आई निजलाई पक्राउ गरेको हो भनी अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । प्रतिवादी दिनबन्धु झा सँगसँगै पक्राउ परेको भन्नेसम्मको कुराको आधारमा निजलाई दोषी ठहर गर्नु न्यायोचित हुँदैन। वादी नेपाल सरकारले प्र. सुरेन्द्र राउत कुर्मीउपरको अभियोग दाबी शंकारहित तबरबाट प्रमाणित गर्न सकेको नदेखिएको हुँदा निजलाई कसुरदार ठहर गर्न मिलेन।

अत: प्रतिवादी दिनबन्धु झालाई लागु ओषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) र (च) बमोजिमको कसुरमा सोही ऐनको दफा १४(१) को (छ) (२) बमोजिम १३ (तेह्र) वर्ष कैद र रू. एक लाख पचास हजार जरिवाना हुने तथा प्रतिवादी संजय राउत भन्ने सुरेन्द्र राउत कुर्मीले आरोपित कसुरको अभियोग

दाबीबाट सफाइ पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४/७/२८ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७८ साल फाल्गुण १० गते रोज ३ शुभम् ।

**३१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-११५८, लागु औषध, नेपाल सरकार वि. सुदिप कोइराला*

प्रतिवादी सुदिप कोइरालाउपर लगाइएको गाँजाको खेती र सञ्चय गरेकोसमेत को अभियोग दाबी अनुसार कसुर कायम गरी सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालतको फैसलाउपर निजको यस अदालतमा पुनरावेदन परेको देखिएन । सोतर्फ बादी पक्षबाटसमेत अन्यथा दाबी जिकिर गरेको नदेखिएको हुँदा उल्लिखित हदसम्म थप विवेचना गरिरहन परेन ।

अब, बरामद भएको गाँजा राखिएको गोठ र सो स्थानको कि.नं. ३३८ को क्षेत्रफल १-०-०-० जग्गा लागु ओषध (नियन्त्रण) ऐन, २०३३ को दफा १५ बमोजिम जफत हुने हो वा होइन भन्ने सन्दर्भमा हेर्दा निज प्रतिवादी सुदिप कोइरालाले बरामद भएको गाँजा आफ्नो नाउँमा रहेको कि.नं. ३३८ को जग्गामा उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले गोठघरमा लुकाइछिपाई राखेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स्वीकार गरेकोसम्म देखिन्छ । अदालतसमक्ष बयान गर्दा भने निज उक्त तथ्यमा इन्कार रहेको पाइयो । प्रतिवादीले अदालतसमक्ष गरेको बयानलगायतका कागजातबाट बरामद भएको गाँजा ऐलानी जग्गामा रहेको गोठबाट बरामद भएको भन्ने देखिन्छ । कि.नं. ३३८ को जग्गामा गाँजाको खेती गरेको तथ्य प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । गाँजाको परिमाण केवल १५० के.जी. मात्र रहेको देखिन्छ । सो गाँजासमेत ऐलानी जग्गामा रहेको भनिएको गोठबाट बरामद भएको भन्ने खुल्न आएको छ । यस अवस्थामा कि.नं. ३३८ को क्षेत्रफल १-०-०-० जग्गा र गोठसमेत जफत हुने भनी ठहर गर्नु न्यायोचित हुँदैन । उक्त सम्पत्ति जफत हुने ठहर गर्नु लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १५ अनुकूल हुनेसमेत देखिँदैन ।

अत: उल्लिखित कि.नं. ३३८ को जग्गा र गाँजा बरामद भएको स्थानको गोठघरले चर्चेको जग्गा जफत गर्ने ठहर गरेको सुरू फैसला केही उल्टी गरी जग्गा र गोठ जफत नहुने भनी ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७६/६/२८ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : विजय खड्का

इति संवत् २०७८ साल फागुन १० गते रोज ३ शुभम् ।

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-००७०, हक कायम, भानमती केवट वि. बसन्तलाल कहार*

वादी भानमती केवटले विवादित कि.नं.१४२ को जग्गा आफ्नो हो भनी दाबी गरेको र कि.नं.१४२ को जग्गा भानमती केवटका पति हरिद्वार केवटको नाममा दर्ता हुने भनी उखडा विशेष अदालतबाट मिति २०४०/४/२४ मा निर्णय भएकोसमेत पाइयो । सोही जग्गा सम्बन्धमा प्रतिवादी वसन्तलाल कहारले समेत दाबी गरेको र सुकुम्बासी समस्या समाधान आयोगबाट भूमिहीन किसानको समस्या समाधान गर्ने सन्दर्भमा २०४६ सालमा निज वसन्तलालका नाममा दर्ता गरेको भन्ने तथ्य पनि प्रस्तुत हुन आएको छ । वादी प्रतिवादीले भोग गरेको जग्गा र स्रेस्ता अनुसारको जग्गा फरक परेको भन्नेसमेत का तथ्यहरू खुल्न आएको देखिन्छ । सो तथ्यलाई मध्यनजर गरी

पुनरावेदन अदालत बुटवलबाट मिति २०७२/११/२ तथा यस अदालतबाट मिति २०७४/२/२६ मा नाप नक्सा गरी न्याय निरूपण गरिनुपर्नेमा सो नगरी फैसला भएको कारण जनाई प्रत्यर्थी झिकाउने आदेश भएको देखियो । तर उल्लिखित आदेश अनुसार विवादित जग्गाको तत्काल प्रचलित मुलुकी ऐन, अ.वं. १७१ नं. बमोजिम नाप नक्सा गरी सोसमेतका आधारमा निर्णय गरिएको पाइएन।

अत: विवादित जग्गा र सोमा रहेको भोगको स्थिति नै यकिन नगरी पुनरावेदन अदालत बुटवलबाट प्रक्रियागत त्रुटि कायम राखी भएको मिति २०७३/३/१३ को फैसला बदर गरिएको छ। अब विवादित कि.नं. १४२ (पुनः नापी भई कायम मानमटेरिया गा.वि.स. वडा नं. ५ कि.नं. ११) को जग्गाको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७७ बमोजिम नाप नक्सा गरी गराई अरू जे जो बुझ्नुपर्छ बुझी, विवादित जग्गा र वादी भानमती केवटका पतिले उखडा विशेष अदालतको फैसला अनुसार प्राप्त गरेको भनिएको जग्गा नै विवादित जग्गा हो वा होइन भन्ने कुरासमेत यकिन गरी पुनः इन्साफ गर्नु भनी तारिखमा हाजिर रहेका पक्षहरूलाई तारेख तोकी, सुरू तथा रेकर्ड मिसिलसमेत उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा पठाइदिने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल फागुन ५ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७४-CI-००६९, हक कायम, भानमती केवट वि. बसन्तलाल कहार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-११३९, जालसाज, रूकमणीदेवी मेहतर वि. रामप्रसाद मेहतरसमेत*

प्रतिवादी रूकमणीदेवी मेहतरले मिति २०४३/४/३ मा दाइजोको रकमबाट विवादित कि.नं. २९८ को जग्गा (घरसमेत) खरिद गरेको भन्ने लिखतमा उल्लेख भएको देखियो । लिखतको कैफियतमा "उक्त जग्गा तपाइँ धनीले दाइजोको रूपियाँबाट खरिद गरी लिएको" भनी बेहोरा खुलाएको देखिन्छ । उक्त लिखतलाई वादीले अन्यथा भन्न सकेको देखिएन । दाइजोको रकमबाट खरिद गरेको स्त्री अंशधनअन्तर्गतको उल्लिखित जग्गा प्रतिवादी रूकमणीदेवीले आफ्नो ऋणकर्जा चुक्ता गर्ने प्रयोजनका लागि राजीनामा पारित गरी बिक्री व्यवहार गरेको देखिन्छ। उक्त लिखतको कैफियतमा जग्गा मल्टिपर्पस फाइनान्स कम्पनी लि. राजविराजको ऋण चुक्ता गर्नलाई बिक्री गरेको भनी रूकमणीदेवी मेहतरले बेहोरा लेखाएको मिसिल सम्लग्न कागज प्रमाणबाट देखिन्छ। वादीको अंश हक मार्ने नियतले कि.नं. २९८ को जग्गा (घरसमेत) जालसाजपूर्ण तबरबाट वादीको हक मेट्ने, नोक्सान पार्ने मतलवले राजीनामा गरी हक हस्तान्तरण गरेको तथ्य प्रमाणित हुन आएको देखिँदैन। त्यसपछि लिखत गरी लिने मुन्ना मेहतरले आफ्नी छोरी मन्जुदेवी मेहतरलाई हालैदेखिको बकसपत्र पारित गरिदिएको पाइयो । यसरी लिखत पारित गर्दा वादीको मन्जुरी लिनुपर्ने कुनै कानूनी बाध्यता रहेको पाइएन। तसर्थ, आफूखुस गर्न पाउने स्त्री अंशधनअन्तर्गतको सम्पत्ति ऋण चुक्ता गर्ने प्रयोजनका लागि बिक्री व्यवहार गरेको कुरालाई जालसाजपूर्ण व्यवहार गरेको भनी मान्न मिलेन।

अत: प्रतिवादीहरूबिच कि.नं. २९८ को जग्गा (घरसमेत) लिनु दिनु गरेको कार्य जालसाजी घोषित गरी लिखतहरू निस्क्रिय गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्ने अवस्था नदेखिएकाले विवादित लिखतलाई जालसाजी घोषित गरी लिखत निस्क्रिय हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको

मिति २०७१/११/२५ को फैसला उल्टी भई वादीको फिरादपत्र दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक १५ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-CI-१०७०, अंश दर्ता, रूकमणीदेवी मेहतरसमेत वि. रामप्रसाद मेहतरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WO-१२१४, परमादेश, मनोज साह वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक मनोज साहको आमाको वंशजको आधारको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति रहेको र निजका बाबुले नेपाली मतदाता प्रमाणपत्र प्राप्त गरेको, निवेदक नेपालमा नै जन्मिएको तथा हुर्किएको, बढेको, पढेको, निवेदक मनोज साहलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न नहुने कुनै उचित कारणसमेत प्रत्यर्थीहरूले खुलाउन सकेको नदेखिएको हुँदा निज रिट निवेदकलाई नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न कानूनी बाधा रहेको देखिएन । यस प्रकृतिका मुद्दामा यसअगाडि पनि पटकपटक यस अदालतबाट व्याख्या र विवेचना भई सिद्धान्त कायम भएकोसमेत देखिन्छ । तसर्थ, जे जो बुझ्नु वा कानूनबमोजिमको प्रक्रिया पुरा गर्नुपर्छ, सो पूरा गरी रिट निवेदक मनोज साहलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु, दिलाउनु भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर ८ रोज ५ शुभम् ।

३५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७०-WO-०८९७, उत्प्रेषण, सुभाष निरौला वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

नेपाल पर्यटन बोर्डको विविध प्रकारका काम कारबाहीमा अनियमितता भएको विषयमा छानविन सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका मा. मन्त्रीस्तरबाट २०७१ सालमा भएको निर्णय र तत्सम्बन्धी पत्राचारलगायतका काम कारबाही बदर हुनुपर्दछ भनी रिट निवेदन दायर भएको पाइयो । नेपाल पर्यटन बोर्ड ऐनमा अनियमितता भएको विषयमा रहेको गुनासो, उजुरी आदि विषयका सन्दर्भमा सत्य-तथ्य पत्ता लगाउन छानविनका लागि मा. मन्त्रीस्तरबाट छानविन समिति गठन गरिएको कुरा स्वभाविक प्रशासनिक वा सुशासनसम्बन्धी मान्यताअन्तर्गत पर्ने विषय देखिन्छ । सार्वजनिक क्षेत्रका पर्यटन बोर्ड जस्ता कुनै संस्था सुशासनको मान्यताअनुसार व्यवस्थित र नियमित रूपमा सञ्चालित छन् वा छैनन् भनी अनुगमन गर्नु सम्बन्धित मन्त्रालयको स्वाभाविक जिम्मेवारीभित्रको विषय देखिन्छ । त्यसैले छानविन समिति गठन गर्ने प्रष्ट र छुट्टै व्यवस्था ऐनमा गरिएको छैन भन्ने आधारमा मात्रै छानविनसम्बन्धी काम कारवाहीलाई गैरकानूनी मान्न मिल्ने देखिँदैन । वस्तुत: छानविनको कारणबाट रिट निवेदकको कुनै मौलिक वा कानूनी हक अधिकारमा आघात परिहाल्ने स्थिति नदेखिने ।

यसका अतिरिक्त, २०७१ सालमा छानविन सम्बन्धमा गरिएको काम कारवाहीको सान्दर्भिकता अहिले लगभग आठ वर्षपछिको अवस्थासम्म कायम रहेको भन्ने पनि देखिँदैन । छानविनको सिलसिला सकिएको र पर्यटन बोर्डको कार्यकारी निर्देशक सम्बन्धमा समेत व्यवस्थापन भइसकेको भन्नेसमेत

प्रत्यर्थीहरुको जिकिर रहेको देखिएको छ। रिट निवेदक सुभाष निरौलाउपर भ्रष्ट्राचार मुद्दा चलेको र सो मुद्दामा निजले आरोपित कसुर गरेको ठहर गरी विशेष अदालतबाट मिति २०७४/११/१० मा फैसला भएको समेत देखियो । उक्त फैसलाउपर यस अदालतमा परेको ०७५-CR-०८२५ को पुनरावेदन विचाराधीन अवस्थामा रहेको समेत देखिन्छ । यस अवस्थामा अहिले आएर छानविन समितिको औचित्य सम्बन्धमा थप विचार र विवेचना गरिनुको कुनै प्रयोजन नदेखिने।

अत: यसमा निवेदकको मागबमोजिम रिट आदेश जारी गर्नुपर्ने कुनै उचित कारण र आधार नदेखिएको र रिट निवेदन निष्प्रयोजनसमेत भइसकेको अवस्था देखिएको हुँदा मागबमोजिम रिट आदेश जारी गर्न परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर १३ रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ।

- ०७१-WO-०३२१, उत्प्रेषण, सुभाष निरौला वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत
- ०७०-AP-०५४९, अवहेलना, सुभाष निरौला वि. रमेश धमलासमेत
- ०७०-CI-११०३, उत्प्रेषण परमादेश, सुभाष निरौला वि. रघु विष्टसमेत

३६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-RC-००६१, कर्तव्य ज्यान, नेपाल सरकार वि. कालबहादुर सार्की*

प्रतिवादी कालबहादुर सार्कीले श्रीमतीलाई पाखुरामा खुकुरीले एक पटक प्रहार गरेपछि उक्त प्रहारको प्रतिरक्षा गर्न नसकी मृतक चिच्याउँदै भाग्दै गर्दा निजलाई खुकुरी बोकेका प्रतिवादीले निर्दयीभावका साथ क्रूर व्यवहार प्रदर्शित गरी लखेटी-लखेटी पिठ्युँमा जोखिमी हतियार खुकुरी प्रहार गरेका कारण लक्ष्मी सार्कीको घटनास्थलमै मृत्यु भएको देखिएको हुँदा यस प्रकारको वारदातलाई आवेशप्रेरित हत्याको कसुर मान्न मिल्ने देखिएन।

अतः प्रतिवादीले धारिलो हतियार खुकुरी प्रहार गरी आफ्नै श्रीमतीलाई कर्तव्य गरी मारेको कुरा शंकारहित तवरबाट प्रमाणित भएको हुँदा निज प्रतिवादी कालबहादुर सार्कीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैद (पच्चिस वर्ष कैद) सजाय हुने र पीडितको नजिकको हकवालाले प्रतिवादीबाट पचास हजार रूपियाँ क्षतिपूर्ति भराइपाउने ठहर गरेको सुरू प्युठान जिल्ला अदालतको मिति २०७६/१/२९ को फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुरको मिति २०७६/१२/५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : केशब पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल जेष्ठ २८ गते रोज १ शुभम्।

३७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-RC-००९६, कर्तव्य ज्यान, नेपाल सरकार वि. किशोर सुनुवारसमेत*

घटनाक्रमका सन्दर्भमा कसुरको प्रकृतितर्फ विचार गर्दा जाहेरवालाको बुबा (मृतक) ले सुरेश सुनुवारलाई एक वर्ष पहिला कुटपिट गरेको रिसइवीले निज सुरेश सुनुवार र किशोर सुनुवारले निर्मम तवरबाट कुटपिट गरी कर्तव्य गरी मारी खोल्सामा फालेको हो भन्ने बेहोरा खुलाई निजले बयान गरेको देखिन्छ। मादक पदार्थ सेवन गरी हिँडेको र लरबरिएको अवस्थाको मृतक रिसम कुमारलाई प्रतिवादीहरूले लाठा (बाँसको भाटा), ढुङ्गा, मुक्कासमेत प्रहार गरी मरणासन्न अवस्थामा पुऱ्याएको र मरेको वा जीवित रहेको भन्ने कुराको सामान्य पहिचानसम्म पनि नगरी

खोल्सामा लगेर फालेको तथ्य स्थापित छ । घटनाको प्रकृतिबाट यसलाई आवेशप्रेरित हत्या भनी मान्न सकिने अवस्था देखिँदैन । सजायबाट छुट पाउन वा घटी सजाय हुनका लागि प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम सो कुराको प्रमाण पुऱ्याउने भार प्रतिवादीहरुमा निहित रहन्छ । तर प्रतिवादीहरूले आफ्नो जिकिरको समर्थनमा कुनै साक्षी प्रमाण पेस गर्न सकेको देखिँदैन। यस अवस्थामा केवल रक्सी खाएको भन्ने अवस्थालाई हेरेर घटी सजाय हुने कसुर ठहर गर्नु न्यायोचित नहुने।

प्रतिवादीहरू किशोर सुनुवार र सुरेश सुनुवारले बाँसको भाटा, लात्ती, मुड्कीसमेत ले कुटपिट गरी मृतक अमृत भन्ने रिसम (रेसम) सुनुवारलाई मरणासन्न अवस्थामा पुऱ्याई खोल्सामा फालेको कारणबाट निज रिसम कुमारको मृत्यु भएको देखिएको हुँदा निज प्रतिवादीहरू किशोर सुनुवार र सुरेश सुनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३) नं.बमोजिम जनही जन्मकैद हुने र निजहरूले लास दबाउने छिपाउने उद्देश्यले खोल्सामा लगी फालेकोसमेत देखिन आएबाट सोही महलको ४ नं.बमोजिम जनही थप ६ महिना कैद हुने भनी सुरू रामेछाप जिल्ला अदालतबाट मिति २०७५/६/१५ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७६/३/३० को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : केशब पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल जेष्ठ २८ गते रोज १ शुभम्।

## ३८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CI-१७६०, निषेधाज्ञा, वीरेन्द्रकुमार यादव वि. बद्रिनारायण यादव*

प्रस्तुत विवाद जिल्ला सप्तरी, प्र. जगदर मौजे छपकिभथौलको रैती सुवलाल गोपको नाउँको सा.कि.नं. १०४५ को उत्तरमा रहेको सा.कि.नं. ३८ को ०-०-१२ जग्गा हाल नापीमा जमुनी मधेपुरा वार्ड नं. ९(क) अन्तर्गत गाउँ ब्लक नं. ४१ मा परेको जग्गासम्बन्धी विवाद देखियो। उल्लिखित जग्गा डगर र गौचरको जग्गा हो भन्ने निवेदकको जिकिर रहेको देखिन्छ। प्रत्यर्थीहरूले उल्लिखित जग्गा सार्वजनिक बाटोको जग्गा होइन, आफ्नो निजी सम्पत्ति हो भनी दाबी गरेको भए पनि सो तथ्य प्रमाणित हुने अर्थात् हकभोग देखिने कुनै प्रमाण पेस गरेको देखिँदैन। यस अदालतको आदेशानुसार सप्तरी जिल्ला अदालतबाट भई आएको नक्सा मुचुल्काबाट विवादित कि.नं. ३८ र साबिक कि.नं. १०४ को जग्गाको अवस्थिति नै स्पष्ट रूपमा खुल्न आएको देखिँदैन। प्रत्यर्थीले यस अदालतमा पेस गरेको लिखित बेहोरामा विवादित जग्गामा पुनरावेदकले खिचोला गरेको भनी सप्तरी जिल्ला अदालतमा ०७५-CP-००२३ को खिचोला मुद्दा दिई हाल मुलतबीमा रहेको भन्नेसमेत देखियो। निषेधाज्ञा मुद्दाबाट हक बेहकको निरूपण गरिने हुँदैन। साधिकार अदालतमा परेको उक्त खिचोला मुद्दाबाट विवादित जग्गा सार्वजनिक प्रयोगको जग्गा हो वा व्यक्तिको निजी हकभोग स्वामित्वको जग्गा हो भन्ने कुरा निरूपण हुन सक्ने नै देखिन्छ। यस अवस्थामा पुनरावेदन अदालतबाट भएको आदेश (फैसला) लाई अन्यथा परिवर्तन गरिरहनु मनासिब हुँदैन।

अत: विवादित जग्गा सम्बन्धमा वादी बद्रिनारायण यादव प्रतिवादी दुखनीदेवी यादवसमेत भई सप्तरी जिल्ला अदालतमा चलेको ०७५-CP-००२३ को सार्वजनिक डगर गौचर जग्गाको खिचोला मेटाई घर हटाई चलन मुद्दाबाट नै हक बेहकलगायतका प्रश्नहरूको निरूपण हुन सक्ने भएको र उक्त जग्गामा पुनरावेदक वीरेन्द्रकुमार यादवसमेतको निर्विवाद हक स्थापित भइसकेको भन्नेसमेत नदेखिएको हुनाले पुनरावेदन अदालत राजविराजबाट मिति २०७१/१२/२९ मा निषेधाज्ञा जारी हुने ठहर गरेको

आदेश अन्यथा परिवर्तन गरिरहन परेन । तसर्थ, वीरेन्द्रकुमार यादवसमेतको पुनरावेदन जिकिर पुग्न सक्तैन ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : विजय खड्का

इति संवत् २०७८ साल फाल्गुण ८ गते रोज १ शुभम् ।

## ३९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७१-CI-१५८९, परमादेश, उमेश महतोसमेत वि. मालपोत कार्यालय मलगवा, सर्लाहीसमेत*

सर्लाही जिल्ला, गंगापुर सितापुर गा.वि.स. वडा नं. ६(क) कि.नं. १४३ को क्षेत्रफल १-१७-१० जग्गा नेपाल सरकारको नाममा दर्ता कायम रहेको तथ्यमा विवाद देखिएन । सो जग्गामा निवेदकहरूको के कति कारणले हकभोग कायम हुने हो भन्ने सम्बन्धमा साबिक हकको स्रोत खुलाई दाबी गरिएको अवस्था मिसिलबाट खुल्न आएको देखिँदैन । नेपाल सरकारको नाममा रहेको जग्गालाई छुट दर्ता गरिपाउँ भनी दाबी गर्दैमा जग्गा दर्ता हुने पनि होइन । मालपोत कार्यालयमा परेको छुट जग्गा दर्तासम्बन्धी निवेदनसमेत कारबाही प्रक्रियामा रहेको देखिन्छ । प्रत्यर्थीमध्येका विश्वनाथ कानूले डाँक लिलाम गराई लिदाको मुचुल्का सर्लाही जिल्ला अदालतको मिति २०७१/३/१० को फैसलाबाट बदर भएको र सो फैसला अन्तिम भई बसेकोसमेत देखियो । नेपाल सरकारका नाउँमा दर्ता गर्ने गरी भएको निर्णय कानूनी प्रक्रियाबाट बदर भएकोसमेत देखिँदैन । अत: यसमा कि.नं. १४३ को १-१७-१० जग्गा नेपाल सरकारको नाममा दर्ता रहेको देखिएको, सो दर्ता बदरतर्फ कानूनबमोजिम प्रक्रिया अपनाएको अवस्था नदेखिएको र रिट निवेदकको कुनै प्रकारको हक अधिकारमा आघात परेको भनी मान्न मिल्ने अवस्थासमेत देखिन नआएको हुँदा निवेदन/पुनरावेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१/२/१३ को आदेश (फैसला) मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : विजय खड्का

इति संवत् २०७८ साल फाल्गुण ८ गते रोज १ शुभम् ।

## ४०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७४-CR-०१०७, ०७४-CR-०१५२, ०७४-CR-०२७७, दलित बालबालिकाको पोषण भत्ता र सामाजिक सुरक्षा भत्ता तथा विद्युत् ट्रान्सफरमरको रकमसमेत खाई मासी भ्रष्टाचार गरेको, मोहम्मद ताहिर हुसैन वि. नेपाल सरकार, विद्यानन्द झा वि. नेपाल सरकार, नेपाल सरकार वि. मोहम्मद ताहिर हुसैनसमेत

प्रतिवादी मो. ताहिर हुसैन आफैंले दलित बालबालिकाको संरक्षण भत्ता र सामाजिक सुरक्षा भत्ताको रकम वितरण नगरी निज मातहतका उक्त गा.वि.स.का अन्य कर्मचारीहरूले वितरण गरेको भन्ने प्रतिवादी मो. ताहिर हुसैनको बयान बेहोरा रहेको, निजको उक्त बयान बेहोरा उक्त भत्ता वितरण गर्ने प्रतिवादीहरू विद्यानन्द झा, दिपेन्द्रप्रसाद मण्डल र दिपक कुमार यादवको बयानबाट पनि समर्थित रहेको, उक्त भत्ता वितरण गर्दाका बखत तयार भएको भत्ता रकम बुझेको भरपाईमा लागेका कुनै पनि औँठाछापहरू यी प्रतिवादी मो. ताहिर हुसैनको औँठाछापसँग मिलेभिडेको नदेखिएको भन्ने उक्त लिखत (भरपाई) परीक्षण गर्ने सम्बन्धित विशेषज्ञहरूको राय प्रतिवेदन रहेको र उक्त बेहोरा नै निज विशेषज्ञहरूले विशेष अदालतमा आई बकपत्र गरी समर्थन तथा पुष्टि गरिरहेको स्थितिमा प्रतिवादी मो. ताहिर हुसैनले नै केही व्यक्तिहरूले पाउने उक्त भत्ताको रकम खाई मासी हिनामिना गरेको भन्न अकाट्य वस्तुनिष्ठ प्रमाणको अभावमा मिल्ने देखिएन । यस्तो कुरामा वादी पक्षले

आरोप मात्र लाउने वा दाबी मात्र लिएर हुँदैन; सोको वस्तुनिष्ठ तथा विवादरहित प्रमाणद्वारा पुष्टि पनि गर्नुपर्दछ । भ्रष्टाचारजस्तो मुद्दामा वस्तुनिष्ठ तथा निर्विवाद प्रमाणको अभावमा प्रतिवादीउपर दायित्व थोपर्नु र कसुर ठहर गर्नु कानूनसम्मत र न्यायोचित पनि हुँदैन । तसर्थ, वादी पक्षले दाबी लिएबमोजिम प्रतिवादी मो. ताहिर हुसैनले आ.ब. ०६९/०७० मा सप्तरी जिल्लाको छिन्नमस्ता गा.वि.स.अन्तर्गतका दलित बालबालिकाहरूलाई वितरण गर्न भनी प्राप्त भएको संरक्षण भत्ताबापतको रू.४,०४,८००।-, सामाजिक सुरक्षा भत्ताबापतको रू.८,२२,०००।- र विद्युत् ट्रान्सफरमर खरिद गर्न भनी रू.५,७२,८५०।- गरी जम्मा रू.१५,९९,६५०।- नै खाई मासी हिनामिना गरेको भन्ने कसुर ठहर गरी हदैसम्म सजाय हुनुपर्छ भन्ने अभियोग दाबी सो हदसम्म नपुग्ने ठहर गरी भएको विशेष अदालत, काठमाडौंको फैसला केही उल्टी गरी निजले उक्त सम्पूर्ण रकम हिनामिना गरेको ठहर गरी निजलाई हदैसम्म सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

अर्का प्रतिवादी विद्यानन्द झाको हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, निज प्रतिवादीले आफूले गा.वि.स. सचिव मो. ताहिर हुसैनले भनेबमोजिम दलित बालबालिकाको संरक्षण भत्ताबापतको रू.१,१०,०००।– वितरण गर्न पाएकोमा सोमध्ये रू.१,०९,६००।- सम्बन्धित व्यक्तिहरूलाई वितरण गरी सोको सक्कल भरपाई अ.दु.अ.आ.मा बयानको क्रममा पेस गरेको छु; सोबाहेक सामाजिक सुरक्षा भत्तालगायत अन्य कुनै पनि रकम आफूले वितरण गर्न भनी गा.वि.स. सचिव प्रतिवादी ताहिर हुसेनसँग लिएको छैन भनी विशेष अदालतमा बयान गरेको देखिन्छ । सामाजिक सुरक्षा भत्ताको रकम वितरण गर्नमा आफ्नो कुनै संलग्नता छैन; आफू उक्त गा.वि.स.को कुनै पदको कर्मचारी पनि नरहेको; गा.वि.स. सचिव प्रतिवादी ताहिर हुसेनले करारमा नियुक्ति दिन्छु भनी आश्वासन दिई विभिन्न काम लगाए पनि निजले मलाई काम मात्र लगाई पारिश्रमिक नदिएकाले मैले निजविरूद्ध जिल्ला प्रशासन कार्यालय, सप्तरीमा उजुरीसमेत दिएको छु; सामाजिक सुरक्षा भत्ता वितरणमा आफ्नो कुनै संलग्नता नरहे पनि गा.वि.स. सचिव प्रतिवादी मो. ताहिर हुसैनले उक्त भत्ता वितरणको भरपाईमा ३७ जनाको नाउँमा जबरजस्ती आफ्नो औँठाको छाप लगाई प्रतिव्यक्ति रू.२,०००।- को दरले हुने जम्मा रू.७४,०००।- रकम हिनामिना गरेको सम्बन्धमा मैले मिति २०७०।९।५ का दिन जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालय, सप्तरीमा निवेदन दिई जानकारी गराएको थिएँ, तर सो सम्बन्धमा के कस्तो कारबाही भयो भएन मलाई जानकारी छैन; दाबीबमोजिमको रकम आफूले मासी खाएको नहुँदा अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने बेहोराको निजले विशेष अदालत काठमाडौंमा बयान गरेको देखिन्छ । बालबालिकाको संरक्षण भत्ताबापतको रू.१,१०,०००।– वितरण गर्न पाएकोमा मैले उक्त रकम सम्बन्धित व्यक्तिहरूलाई वितरण गरेको छु; सोबाहेक अन्य कुनै रकम मैले वितरण गर्न पाएको छैन अर्थात् अन्य रकम मलाई वितरण गर्न दिइएको नै छैन भन्ने निजको बयान बेहोरा मुख्य प्रतिवादी तथा गा.वि.स. सचिव मो. ताहिर हुसैनको विशेष अदालत काठमाडौंसमक्षको बयानबाट पनि समर्थित रहेको देखिएबाट यी प्रतिवादी विद्यानन्द झाले अभियोग दाबीबमोजिमको रकम खाई मासी हिनामिना गरेको भन्ने देखिएन । साथै, विधिवत्‌रूपमा उक्त गा.वि.स.को कर्मचारीको रूपमा नियुक्तसमेत नगरिएका यी प्रतिवादीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने जिम्मा पाएका अन्य प्रतिवादी (कर्मचारी)-हरूले केही व्यक्तिको नाउँमा जबरजस्ती यिनको औँठाछाप लगाई नक्कली भरपाई तयार गरी रकम हिनामिना गरेको सम्बन्धमा निज विद्यानन्द झाले समयमै सम्बन्धित जिल्ला प्रशासन कार्यालय र

जिल्ला विकास समितिको कार्यालयमा लिखितरूपमा जानकारी गराएको भन्ने निजको बयान बेहोराबाट अरूले वितरण गर्ने रकममा यिनलाई पूर्णतः जिम्मेवार बनाउनु पनि कानूनसम्मत र न्यायोचित हुँदैन । तथापि सम्बन्धित व्यक्तिले भत्ता बुझी गर्नुपर्ने सही वा लगाउनुपर्ने औँठाछापको स्थानमा आफ्नो औँठाछाप लगाई निजले उक्त व्यक्तिहरूले पाउनुपर्ने सामाजिक सुरक्षा भत्ता पाएको भन्ने नक्कली काम गर्न गराउन सहयोग गरेको देखियो । उक्त तथ्य केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशाला, महाराजगन्ज, काठमाडौंको च.नं. ५९७ मिति २०७१।५।१९ को पत्रसाथ संलग्न विशेषज्ञहरूको रायसमेतबाट पुष्टि हुन आयो । प्रतिवादी विद्यानन्द झाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरजन्य कार्य रहेको हुँदा सो कसुर गरेबापत निजलाई सोही दफाबमोजिम १(एक) महिना कैद सजाय गर्नेगरी भएको विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न मिलेन । उक्त फैसला निजको हकमा मिलेकै देखिन आयो । तसर्थ, निजले दलित बालबालिकाको संरक्षण भत्ताबापतको रू.१,१०,०००।- र सामाजिक सुरक्षा भत्ताबापतको रू.८,२२,०००।- गरी जम्मा रू.९,३२,०००।- हिनामिना गरेको भन्ने कसुर ठहर गरी निजलाई सोहीबमोजिम हदैसम्म सजाय गरिनुपर्छ भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिएन ।

प्रतिवादी दिपेन्द्रप्रसाद मण्डलको हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, प्रतिवादी दीपेन्द्रप्रसाद मण्डलले ५ वर्षमुनिका दलित बालबालिकाहरूका लागि वितरण गर्न भनी आएको संरक्षण भत्ताबापतको रकममध्ये रू.५७,०००।- वितरण गर्न भनी प्रतिवादी तथा गा.वि.स.-सचिव मो. ताहिर हुसैनबाट मैले पाएकोमा उक्त रकम सम्बन्धित व्यक्तिहरूलाई वितरण गर्नेक्रममा रू.५७,८००।- वितरण गरी सोको भरपाई मैले गा.वि.स.सचिव ताहिर हुसैनलाई तत्कालै पेस गरेको हुँ र बढी वितरण भएको रू.८००।- निजले अहिलेसम्म पनि मलाई फिर्ता दिएका छैनन्; यस मुद्दाको अनुसन्धानको क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बयानका लागि उपस्थित हुँदा मैले गा.वि.स. कार्यालयबाट ल्याई उक्त भरपाईहरू पेस गरेको छु; उक्त रकमबाहेक अन्य कुनै रकम वितरण गर्न गा.वि.स.-सचिव ताहिर हुसैनले मलाई दिएका छैनन् । मैले कसुर गरेको नहुँदा आरोपित कसुरबाट सफाइ पाउँ भनी विशेष अदालतसमक्ष बयान गरेको देखिन्छ । निजको उक्त बयान बेहोरा प्रतिवादी तथा गा.वि.स-सचिव ताहिर हुसैनले स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय सप्तरीमा पेस गरेको दर्ता नं. ९६६७ मिति २०७०।३।२७ को निवेदन र सो साथ संलग्न प्रमाण कागजहरूबाट पनि पुष्टि भएको देखिएकोले प्रतिवादी दीपेन्द्रप्रसाद मण्डलले दलित बालबालिकाहरूका लागि वितरण गर्न भनी आएको संरक्षण भत्ताबापतको रकम रू.५७,०००।- मात्र पाएको र सो रकम निजले सम्बन्धित व्यक्तिहरूलाई वितरण गरेको भन्ने देखिन्छ । साथै, निजले उक्त भत्ता वितरण नगरेको भनी निज विरूद्ध कुनै उजुरी परेको पनि नदेखिनुका साथै उक्त भरपाईमा लागेका औँठाछाप यी प्रतिवादी दीपेन्द्रप्रसाद मण्डलको औँठाछापसँग मिलेभिडेको नदेखिएको भन्नेसमेत बेहोराको लिखत परीक्षण गर्ने विशेषज्ञहरूको राय प्रतिवेदन रहेकोसमेत देखिँदा यी प्रतिवादी दीपेन्द्रप्रसाद मण्डल आरोपित कसुरका कसुरदार हुन् भनी भन्न मिल्ने देखिएन । तसर्थ निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट भएको फैसला मिलेकै देखियो । निजउपरको वादी पक्षको पुनरावेदन जिकिर मनासिब देखिएन ।

प्रतिवादी दिपककुमार यादवको हकमा विचार गर्दा, छिन्नमस्ता गा.वि.स.को सामाजिक परिचालक

पदमा कार्यरत रहेका निजले छिन्नमस्ता गा.वि.स.को आ.ब. २०६९/०७० को सामाजिक सुरक्षा भत्ता प्रथम किस्ताबापतको रकम बाँड्न भनी गा.वि.स. सचिव तथा प्रतिवादी मो. ताहिर हुसैनबाट रू.८,००,०००।- (आठ लाख रूपियाँ) को चेक पाएकोमा निजले सोमध्ये रू.७,३०,०००।- वितरण गरी बाँकी रू.७०,०००।- गा.वि.स. सचिव मो. ताहिर हुसैनलाई नगदै फिर्ता गरी आफूउपरको पेस्की रकम फरफारक गरेको, निजले उक्त रकम वितरण गर्दा २ प्रति भरपाई तयार गरी सोको १ प्रति सम्बन्धित गा.वि.स. सचिव मो. ताहिर हुसैनलाई दिई १ प्रति भरपाई आफैँसँग राखेको, सोबाहेक अन्य रकम वितरणमा निजको सहभागिता नरहेको र निजले उक्त सामाजिक सुरक्षा भत्ताको रकम वितरण गर्दा आरोपपत्र दाबीबमोजिम नक्कली भरपाई तयार गरी खाए मासेको छैन भनी विशेष अदालतसमक्ष बयान गरेको पाइन्छ । विशेष अदालतसमक्ष बयान गर्दा निजले उक्त भत्ता वितरण गरी बढी भएको रू.७०,०००।- नगदै मो. ताहिर हुसेनलाई फिर्ता गरेको बेहोराको मो. ताहिर हुसैनले गरिदिएको मिति २०६९।११।२ को भरपाई (प्रतिलिपि), प्रतिवादी दिपककुमार यादवको नामको सामाजिक सुरक्षा भत्ताबापतको पेस्की रकम रू.८,००,०००।- को पेस्की फछर्‍यौंट भएको भन्ने बेहोराको मो. ताहिर हुसैनले प्रमाणित गरिदिएको मिति २०६९।१२।१२ को पत्र (प्रतिलिपि), निजले सामाजिक सुरक्षा भत्ताबापतको रकम रू.७,३०,०००।- सम्बन्धित व्यक्तिहरूलाई वितरण गरेको बेहोराको पाना ३७ को सक्कल भरपाई (एकप्रति), निज प्रतिवादीले उक्त भत्ता वितरण गरेको हो भन्ने बेहोराको मिति २०७२।३।२२ को सर्जमिन मुचुल्का संलग्न रहेको सम्बन्धित गा.वि.स.को कार्यालयको मिति २०७२।३।२५ को पत्रसमेत पेस गरी आफ्नो बयान बेहोरालाई प्रमाणित गरेको तथ्य सुरू मिसिल संलग्न रहेको उक्त कागजातहरूबाट देखिन्छ। निजले वितरण गरेको उक्त भत्ताको भरपाईमा लागेका औँठाछापहरूसँग यी प्रतिवादीको औँठाछाप मिलेभिडेको नदेखिएको भन्ने बेहोराको केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशाला, महाराजगन्ज, काठमाडौंको राय प्रतिवेदनबाटसमेत निज प्रतिवादी दिपककुमार यादवको उक्त बयान बेहोरा समर्थित तथा पुष्टि भइरहेको देखिन्छ । निज प्रतिवादीबाट वितरित उक्त भत्ताको रकम सम्बन्धित व्यक्तिहरूले नपाएको भन्ने तथ्ययुक्त प्रमाण मिसिलसंलग्न रहेको नदेखिएको अवस्थामा वादी पक्षले निजउपर लगाएको अभियोगदाबी वस्तुनिष्ठ प्रमाणद्वारा प्रमाणित हुनसकेको देखिएन । यस्तो अवस्थामा निजउपरको आरोपपत्र दाबी पुग्न नसकेको आधारमा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी गरेको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न मिलेन । निजको हकमा उक्त फैसला मनासिब नै देखियो। निजलाई आरोपपत्र दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिर मनासिब देखिएन।

प्रतिवादी भरतप्रसाद गुप्ताको हकमा विचार गर्दा, छिन्नमस्ता गा.वि.स.को प्राविधिक सहायक पदमा कार्यरत रहेका निजले छिन्नमस्ता गा.वि.स.को आ.ब. २०६९/०७० को सामाजिक सुरक्षा भत्ताबापतको रकम बाँड्न भनी तत्कालीन गा.वि.स. सचिव तथा प्रतिवादी मो. ताहिर हुसैनबाट आफूले कुनै रकम नपाएको अर्थात् उक्त भत्ता वितरण गर्ने कार्यमा मलाई नखटाइएको; तत्कालीन गा.वि.स. सचिव तथा प्रतिवादी मो. ताहिर हुसैनले अघिल्लो आ.ब.को अभिलेख हेरी आ.ब. २०६९/०७० को सामाजिक सुरक्षा भत्ता प्रथम किस्ताको रकम वितरण गर्नका लागि आवश्यक पर्ने नामावली तयार गर्नका लागि अह्राएकाले मैले कार्यालयमा बसी उक्त नामावली तयार गरेको हो; उक्त भत्ता वितरण गरिसकेपश्चात् वितरणस्थलमा जोडजम्मा नगरी ल्याएकाले उक्त भत्ता वितरण गरिएको भरपाईको रकम हिसाब गरी जोडजम्मा गर्नका लागि पनि गा.वि.स. सचिवले मलाई

अह्राएकाले मैले रकम जोडजम्मा गरिदिएको हो; उक्त भत्ता वितरणमा मेरो कुनै संलग्नता छैन; ममाथिको आरोप झुठो हो; मैले भत्ता वितरण गर्नुअघिको नामनामेसी मात्र तयार गरेको हुँदा मलाई सजाय हुने होइन; म निर्दोष छु; सफाइ पाउँ भन्ने बेहोराको निजले विशेष अदालत काठमाडौंसमक्ष बयान गरेको देखिन्छ। निजउपरको अभियोग दाबी पुष्टि हुने कुनै पनि प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । निज प्रतिवादीलाई उक्त सामाजिक सुरक्षा भत्ताबापतको रकम वितरण गर्न दिएको भनी तत्कालीन गा.वि.स. सचिव तथा प्रतिवादी मो. ताहिर हुसैनले समेत आफ्नो बयानमा भन्न नसकेको स्थितिमा प्रतिवादी भरतप्रसाद गुप्ताको उक्त बयान बेहोरा पुष्टि भइरहेको देखिन्छ । साथै, उक्त समाजिक सुरक्षा भत्ता वितरण भएको भरपाईमा लागेका औँठाछापहरूसँग यी प्रतिवादीको औँठाछाप मिलेभिडेको नदेखिएको भन्ने बेहोराको केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशाला, महाराजगन्ज, काठमाडौंको राय प्रतिवेदनबाटसमेत निज प्रतिवादी भरतप्रसाद गुप्ताको उक्त भत्ता वितरण तथा हिनामिना कार्यमा संलग्नता नरहेको भन्ने निजको बयान बेहोरा समर्थित तथा पुष्टि भइरहेको देखिन्छ। यस्तो अवस्थामा वादी पक्षले निजउपर लगाएको अभियोगदाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुनसकेको देखिएन । यस स्थितिमा निजउपरको आरोपपत्र दाबी पुग्न नसकेको आधारमा निजलाई अभियोग दाबीबाट सफाइ दिनेगरी गरेको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न मिलेन। निजको हकमा उक्त फैसला मिलेको नै देखियो। निजलाई आरोपपत्र दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिर मनासिब देखिएन।

प्रतिवादी मनोजकुमार झाको हकमा विचार गर्दा, छिन्नमस्ता गा.वि.स.को कार्यालय सहयोगी पदमा कार्यरत रहेका निजले विशेष अदालत काठमाडौंमा बयान गर्दा उक्त गा.वि.स.को कार्यालयबाट वितरण गरिएको भनिएको सामाजिक सुरक्षा भत्ता तथा दलित बालबालिकाको संरक्षण भत्ताबापतको रकम वितरण सम्बन्धमा आफूलाई केही थाहा नभएको उक्त कार्यमा आफू संलग्न नभएको उक्त कार्य गर्दा कस-कसले भत्ता वितरण गरे, कस-कसले के कति रकम हिनामिना गरे, सो सम्बन्धमा आफूलाई केही थाहा नभएको; आफू निम्नस्तरको कर्मचारी भएको हुँदा उक्त भत्ता वितरण गर्ने कार्य आफ्नो नरहेको; आरोपपत्र दाबीबमोजिमको कसुर नगरेको हुँदा आफूले सजाय पाउनुपर्ने होइन भन्ने बेहोराको बयान गरेको देखिन्छ। उक्त गा.वि.स.का सचिव तथा प्रतिवादी मो. ताहिर हुसैनले विशेष अदालत काठमाडौंसमक्ष बयान गर्दा आफूले निज मनोज कुमार झालाई उक्त भत्ता वितरण गर्न दिएको, निजले उक्त रकम सम्बन्धित व्यक्तिहरूलाई वितरण नगरी हिनामिना गरी खाएको, उक्त भत्ता वितरण गरिएको भरपाईमा प्रतिवादी मनोजकुमार झाले औँठाछाप लगाई नक्कली भरपाई तयार गर्न सहयोग गरेको हो भनी निज मनोज कुमार झाउपर पोल गरी बयान गरेको देखिँदैन। अन्य प्रतिवादीहरू दिपककुमार यादव र भरतप्रसाद गुप्ताले पनि प्रतिवादी मनोजकुमार झाले आरोपित कसुर गरेको भनी निजविरूद्ध कुनै पोल उजुर गरेको नदेखिएको अवस्थामा प्रतिवादी मनोजकुमार झाको उक्त बयान बेहोरा समर्थित तथा पुष्टि भइरहेको देखिन्छ । साथै, उक्त समाजिक सुरक्षा भत्ता वितरण भएको भरपाईमा लागेका औँठाछापहरूसँग यी प्रतिवादीको औँठाछाप मिलेभिडेको नदेखिएको भन्ने बेहोराको केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशाला, महाराजगन्ज, काठमाडौंको राय प्रतिवेदनबाटसमेत प्रतिवादी मनोजकुमार झाको उक्त भत्ता वितरण तथा हिनामिना कार्यमा संलग्नता नरहेको भन्ने पुष्टि हुन्छ । यस्तो अवस्थामा वादी पक्षले निजउपर लगाएको अभियोगदाबी वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुनसकेको देखिएन । यस स्थितिमा निजउपरको आरोपपत्र दाबी पुग्न नसकेको आधारमा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको

विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न मिलेन । निजको हकमा उक्त फैसला मिलेकै देखियो। निजलाई आरोपपत्र दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिर मनासिब देखिएन।

प्रतिवादी बृजनारायण यादवको हकमा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, निजले छिन्नमस्ता गा.वि.स. कार्यालयलाई विद्युत्को ट्रान्सफरमर उपलब्ध नगराई सोबापत रू.३,३५,६१०।- को बिल पेस गरी गा.वि.स.बाट रू.२,८६,२५०।- भुक्तानी लिई खाई मासी आफू र प्रतिवादी मो. ताहिर हुसैनलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुरमा बिगो रू.२,८६,२५०।- कायम गरी सोही दफाबमोजिम हदैसम्म सजायको मागदाबी लिई आरोपपत्र पेस भएकोमा यी प्रतिवादीले आरोपपत्र दाबी अनुरूपको कसुर गरेको पुष्टि नहुँदा निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौंको फैसलाउपर निजलाई अभियोग दाबीबमोजिम नै सजाय गरिनुपर्छ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिन्छ। सो सम्बन्धमा हेर्दा, निजले विशेष अदालत काठमाडौंसमक्ष बयान गर्दा मैले गा.वि.स. सचिव मो. ताहिर हुसैनको अनुरोधबमोजिम ETI कम्पनीको ५० के.भि.ए. क्षमताको सि.नं. १३५०१५६ को विद्युतीय ट्रान्सफरमर मूल्य रू.३,३५,६१०।- मा छिन्नमस्ता गा.वि.स.को कार्यालयलाई उपलब्ध गराएको हुँ; सोबापत मैले मिति २०६९।३।१२ मा रू.२,५०,०००।- र मिति २०६९।५।१५ मा रू.३६,२५०।- गरी हालसम्म जम्मा रू.२,८६,२५०।- मात्र गा.वि.स.बाट भुक्तानी पाएको छु; अब रू.४९,३६०।- भुक्तानी पाउन बाँकी छ; मैले उपलब्ध गराएको ट्रान्सफरमर अझसम्म उक्त गा.वि.स. भवनभित्रै छ; मसँग ट्रान्सफरमर खरिद गर्ने कुरा भएकोले मैले सामान सप्लाइसम्म गरेको हुँ; उक्त ट्रान्सफरमर कहाँ जडान गर्ने हो, सो मलाई थाहा थिएन; म जडान गर्ने विषयसँग जोडिएको व्यक्ति थिइनँ मैले कानूनबमोजिमको व्यवसाय गरेको र मैले कुनै गैरकानूनी कार्य नगरेको हुँदा मैले सजाय पाउनुपर्ने होइन; सफाइ पाउँ भनी बयान गरेको देखिन्छ । उक्त बयानसाथ निजले उक्त व्यवसाय गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागबाट अनुमति पाएको अनुमतिपत्र (प्रतिलिपि), निजको फर्म समय-समयमा नवीकरण गरेको प्रमाण (प्रतिलिपि), निजको फर्म PAN मा दर्ता भएको प्रमाणपत्र (प्रतिलिपि), निजले आ.ब.२०७०/०७१ को कर चुक्ता गरेको प्रमाणपत्र (प्रतिलिपि), उक्त विद्युतीय ट्रान्सफरमर त्यस बखतसम्म उक्त गा.वि.स.को कार्यालय परिसरमा नै रहेको देखिने फोटोहरूसहित उक्त बेहोराको मिति २०७१।१२।९ मा भएको सर्जमिन मुचुल्का संलग्न गरिएको उक्त गा.वि.स.को कार्यालयको च.नं.२२५ मिति २०७१।१२।९ को पत्रसमेत प्रमाणस्वरूप पेस गरेको देखिन्छ। उक्त प्रमाणहरूबाट निज उक्त ट्रान्सफरमर आपूर्ति गर्ने आपूर्तिकर्ता रहेको, निजले वैधानिकरूपले नै उक्त कार्य गरेको र निजले उपलब्ध गराएको उक्त ट्रान्सफरमर त्यस बखतसम्म उक्त गा.वि.स. परिसरमै रहेको भन्ने देखिनुका साथै विशेष अदालतसमक्ष निजले गरेको उक्त बयान बेहोरा पुष्टि भइरहेको देखिन्छ । सो कुरा प्रतिवादी तथा गा.वि.स. सचिव मो. ताहिर हुसेनले विशेष अदालत काठमाडौंसमक्ष गरेको बयान र सो बखत पेस गरेको अमन श्री ट्रेडर्स एण्ड सप्लायर्सबाट मिति ०६९।३।८ मा जारी गरिएको उक्त ट्रान्सफरमरको १३% मूल्य अभिवृद्धि करसहितको मूल्य रू.३,३५,६१०।- को बिल (प्रतिलिपि), उक्त ट्रान्फरमर खरिद गरेबापत गा.वि.स.को कार्यालय छिन्नमस्ताले आपूर्तिकर्तालाई भुक्तानी दिन भनी मिति २०६९।३।८ मा उठाएको रू.२,५०,०००।- गोश्वारा भौचर (प्रतिलिपि) र

मिति २०६९।४।३१ मा उठाएको रू.३६,२५०।- को गोश्वारा भौचर (प्रतिलिपि)लगायतका मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन्छ। यसरी प्रतिवादी मो. ताहिर हुसैन र निज प्रतिवादी स्वयंको विशेष अदालतसमक्षको बयान बेहोरा र सो बयानसाथ पेस गरिएका प्रमाण कागजहरू र प्रस्तुत मुद्दामा अनुसन्धानको समयदेखि नै सङ्कलन भई सुरू मिसिल संलग्न रहेका अन्य प्रमाण कागजहरूबाट प्रतिवादी बृजनारायण यादवको बयान बेहोरा पुष्टि हुनुका साथै निज आरोपित कसुरको कसुरदार नरहेको तथ्य पुष्टि भइरहेको अवस्थामा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू विशेष अदालत काठमाडौंको फैसलालाई यी प्रतिवादीको हकमा अन्यथा भन्न मिलेन। अर्थात् उक्त फैसला निजको हकमासमेत मिलेकै देखियो। निजलाई आरोपपत्र दाबीबमोजिम नै सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिर मनासिब देखिएन।

अब, प्रतिवादीहरू मोहम्मद ताहिर हुसैन र विद्यानन्द झाले आफूहरूले अभियोग दाबीबमोजिमको कसुर नगरे पनि आफूहरूलाई कसुरदार ठहर गरी सजाय गरेको सुरू विशेष अदालतको फैसला नमिलेकोले उक्त फैसला उल्टी गरी आफूहरूलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्ने पुनरावेदन जिकिर लिई गरेका छुट्टाछुट्टै पुनरावेदनको सम्बन्धमा विचार गर्नुपर्ने हुनआयो। सो सम्बन्धमा हेर्दा, वादी नेपाल सरकारको तर्फबाट निजहरूसमेतउपर परेको पुनरावेदनको सम्बन्धमा यी प्रतिवादीहरू मो. ताहिर हुसैन र विद्यानन्द झाउपर वादी पक्षले लगाएको अभियोग दाबी, सो सम्बन्धमा निजहरूले गरेको बयान, निजहरूको पक्ष विपक्षमा मिसिल संलग्न रहेका प्रमाणहरू, सोसमेतको आधारमा भएको विशेष अदालत काठमाडौंको फैसला, सो फैसलाउपर यी दुवै जना प्रतिवादीहरूले गरेको छुट्टाछुट्टै पुनरावेदनमा लिएको जिकिरहरूसमेतको सम्बन्धमा विस्तृतरूपमा छलफल, विवेचना र विश्लेषण गरी यसअघि नै निष्कर्षमा पुगिसकिएको छ। सो निष्कर्ष अनुसार प्रतिवादी मो. ताहिर हुसैनको हकमा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७बमोजिमको कसुरमा ऐ. ऐनको दफा ३(१) बमोजिम रू.२,८६,६००।- जरिवाना हुने, ऐ. ऐनको दफा ३(१)(घ) बमोजिम ६ महिना कैद हुने र ऐ. ऐनको दफा १७बमोजिम उक्त बिगो रू.२,८६,६००।- निजबाट सम्बन्धित गा.वि.स.ले भराइपाउने ठहर गरी र प्रतिवादी विद्यानन्द झाको हकमा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरमा सोही दफाबमोजिम १(एक) महिना कैद सजाय गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको फैसला मनासिब नै देखिएको भन्ने निष्कर्ष निस्किएको छ। उक्त विश्लेषणको आधारमा प्रतिवादीहरू मो. ताहिर हुसैन र विद्यानन्द झालाई विशेष अदालत काठमाडौंबाट ठहर भएको सजायसहितको फैसला कानूनसम्मत र न्यायोचित नै देखिएको छ। त्यसो हुँदा वादी पक्षको पुनरावेदन जिकिरबमोजिम निजहरूउपर सजाय बढ्न सक्ने वा निज प्रतिवादीहरूको पुनरावेदन जिकिरबमोजिम निजहरूले अभियोग दाबीबाट पूर्णतः सफाइ पाउने अवस्था रहेन। तसर्थ, उपर्युक्त आधारमा प्रतिवादीहरू मो. ताहिर हुसैन र विद्यानन्द झाको पुनरावेदन जिकिरबमोजिम निजहरूले आरोपित कसुरबाट सफाइ पाउने देखिएन। अतः निजहरूको हकमा सुरू विशेष अदालत काठमाडौंबाट भएको फैसला नै मनासिब देखियो।

अतः माथि विवेचित आधार र प्रमाणहरूबाट प्रस्तुत मुद्दामा प्रतिवादी मोहम्मद ताहिर हुसैनलाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा ३(१) बमोजिम रू.२,८६,६००।- जरिवाना हुने, ऐ. ऐनको दफा ३(१)(घ) बमोजिम ६ महिना कैद हुने र ऐ. ऐनको दफा १७ बमोजिम उक्त बिगो रू.२,८६,६००।- निजबाट गा.वि.स.ले भराइपाउने गरी, प्रतिवादी विद्यानन्द झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा ८(३) बमोजिमको कसुरमा सोही दफाबमोजिम १(एक) महिना कैद सजाय गर्ने गरी र प्रतिवादीहरू दिपेन्द्रप्रसाद मण्डल, दिपक कुमार यादव, भरतप्रसाद गुप्ता, मनोजकुमार झा र ब्रृजनारायण यादवले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू विशेष अदालत, काठमाडौंबाट भएको मिति २०७३।६।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतहरू : हरिप्रसाद आचार्य र प्रदीपकुमार उपाध्याय

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज ४ गते रोज ३ शुभम्।

## इजलास नं. ९

### ४१

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-WO-०२०४, उत्प्रेषण, अञ्जु पाण्डे (सिलवाल) समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंसमेत*

निवेदकहरूले स्थानीय स्तरमा घरायसी लेनदेनको कागजको आधारमा किनबेच गरी साबिकदेखि नै घर बनाई बसोबास गरिआएको भन्ने निवेदन दाबीका आधारमा मात्र फिल्डबुकमा खहरे जनिएको दाबीको कि.नं.१३३ को खहरे जग्गा वनक्षेत्रभित्रको सार्वजनिक जग्गा रहे भएको स्पष्ट भएको अवस्थामा सार्वजनिक जग्गामा भोग बसोबास गरेकै आधारमा मात्र सो जग्गा रिट निवेदकहरूको निजी हुन सक्ने देखिन आएन।

निवेदकहरूमध्ये अञ्जु पाण्डेको नाममा दर्ता रहेको कि.नं. ६३३समेतको जग्गासँग जोडिएको कि.नं.१३३ को खहरे जनिएको वनक्षेत्रभित्रको सार्वजनिक जग्गालाई स्थानीय स्तरमा घरायसी लेनदेनको कागजका आधारमा किनबेच गरी साबिकदेखि नै घर बनाई बसोबास गरिआएको भन्ने आधारमा मात्र निवेदकहरूले सो जग्गामा गैरकानूनी तवरले घर बनाई होटल सञ्चालन गरेको देखिन आएकोले सो हटाउने विपक्षी जिल्ला वन कार्यालय, धादिङसमेतको कार्य कानूनसम्मत देखिन आएकाले निवेदकहरूले माग गरेबमोजिमको उत्प्रेषण प्रतिषेधको आदेश जारी गर्न मिल्ने देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल पौष ३ गते रोज १ शुभम्।

- यसै साथ लगाउमा संलग्न भई निम्न मुद्दाहरू फैसला भएका छन्- ०७४-WO-००८६, ०७३-WO-०२८८, उत्प्रेषण / प्रतिषेधसमेत, अञ्जु पाण्डे (सिलवाल) वि. जिल्ला प्रशासन कार्यालय, धादिङसमेत

### ४२

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CR-०२६४, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजेन्द्र तामाङ*

मिसिल संलग्न कागजबाट यी प्रतिवादीको वारदातमा प्रत्यक्ष संलग्नता नदेखिए पनि निजले अदालतमा बयान गर्दा प्रतिवादीमध्ये सुरेश सिंतान आफ्नो खलासी भएको, मृतकसँग निजको झगडा भएछ भनी बयान गरेकोसमेत आधारबाट निज प्रतिवादीको सोही घटनासँग कुनै सम्बन्ध थिएन भन्न मिल्ने देखिन नआएकोले यी प्रतिवादी मतलबसम्म रहेछन् भन्ने देखिँदा निजले ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिमको कसुर गरेको ठहर्‍याई सोही नं.बमोजिम निजलाई २ वर्ष ६ महिना कैदलाई गर्ने गरेको सुरू अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला अन्यथा मान्न मिलेन। अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन र वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस

जिकिरसँग सहमत हुन सकिएन।

अत: उपर्युक्त आधार प्रमाण एवं तथ्यहरूबाट यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिमको २ वर्ष ६ महिना कैदको सजाय गर्ने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७०।०१।२३ मा भएको फैसला सदर गर्ने तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।०५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : फुलमाया मेयाङ्गबो (लिम्बु)

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल भाद्र १९ गते रोज १ शुभम्।

**४३**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६८-CI-११६५, जग्गा खिचोला चलन, रामचन्द्र साहसमेत वि. जिम्दार ठाकुर बडही*

नापी शाखा, धनुषाबाट मिति २०५९।२।१० मा भई आएको ट्रायल चेकअनुसार प्रतिवादी रामऔतार साहको नाममा रहेको कि.नं.२६० को जग्गा स्रेस्तानुसारको ज.बि. ०-१४-४ नभई ज.बि.०-१३-११-० मात्र रहेको र मिति २०६०।११।१८ को नक्साअनुसार उक्त सर्भे कि.नं.२६० को पोखरी जग्गाको चारैतर्फको डिलसमेत समावेश गरी नाप नक्सा गर्दा न.नं.३ मा सो जग्गाको क्षेत्रफल ज.बि.०-१३-८-३१/२ मात्र देखिएको र सो न.नं.३ बाहेकको जग्गा प्रतिवादीहरूको कायम हुन नसक्ने र झगडा जनिएको न.नं.१ को ०-०-६-१२१/२ र न.नं.२ को ०-०-७-१ समेतको जग्गा पुनरावेदक/प्रतिवादीहरूको कि.नं.२६० को पोखरीको डिलदेखि पूर्वको जग्गा भई वादीको ४ किल्लाभित्रको देखिन आउनुका साथै सो विवादित जग्गा प्रतिवादीको कि.नं. २६० मा समावेश गर्दा दर्ता स्रेस्ताभन्दा धेरै बढी जग्गा हुने देखिएको साथै विवादित न.नं.१ र न.नं.२ को जग्गा वादी दाबीबमोजिमको गाउँ ब्लकभित्रकै जग्गा देखिन आएकाले वादी दाबी नपुग्ने ठहऱ्याई सुरू धनुषा जिल्ला अदालतबाट मिति २०५७।०१।२५ मा भएको फैसला उल्टी गरी उक्त विवादित न.नं.१ र न. नं. २ को जग्गा प्रतिवादीको कि.नं.२६० (न.नं.३) अन्तर्गत रहे भएको नदेखिएको भनी प्रतिवादीहरूले सो विवादित जग्गा खिचोला गरेको ठहऱ्याई वादीले चलन चलाइपाउने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६१।१।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल पुस १७ गते रोज १ शुभम्।

- यसैसाथ लगाउमा रहेको निम्न मुद्दा फैसला भएका छन्- ०६८-CI-११६६, जग्गा खिचोला चलन, रामचन्द्र साहसमेत वि. जिम्दार ठाकुर बडही।

**४४**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CR-०३२५, ०७३-CR-०३२६, ०७४-CR-००६३, जबरजस्ती करणी, कर्तव्य ज्यान, किरण सुवेदी वि. २६ परिसर २१ को जाहेरीले नेपाल सरकार, नानीमैयाँ आलेमगर सुवेदी वि. नेपाल सरकार, नेपाल सरकार वि. किरण सुवेदीसमेत*

प्रत्यर्थी प्रतिवादी किरण सुवेदीसमेतले मृतक शिशुलाई कर्तव्य गरी मारेको ठहऱ्याई निजलाईसमेत दाबी अनुसार तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं.बमोजिम सजाय हुने ठहऱ्याएको हदसम्म सुरू फैसला केही उल्टी गरी निज प्रतिवादी किरण सुवेदीलाई सो दाबीबाट सफाइ पाउने ठहऱ्याई अन्य दाबीको हकमा सुरू अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीमध्येकी नानीमैयाँ आलेमगर सुवेदीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय

भएकोमा हाल उक्त कानूनलाई खारेज गरी बनेको मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ४०(२) मा जुनसुकै कसुरमा जन्मकैदसम्मको मात्र सजाय हुने व्यवस्था र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ, केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नु पर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ। भन्ने व्यवस्था भएबाट यी प्रतिवादी नानीमैयाँ आलेमगर सुवेदीलाई जन्मकैद मात्र सजाय हुने देखिएकोले निजलाई जन्मकैद मात्र हुने ।

इजलास अधिकृत : फूलमाया मेयाङ्गवो लिम्बु

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल भाद्र १९ गते रोज १ शुभम्।

**४५**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७३-CR-०६१८, ०७३-CR-१२०१, जबरजस्ती करणी, नेपाल सरकार वि. बलराम कोइराला, नेपाल सरकार वि. बलराम कोइरालासमेत*

प्रत्यर्थी प्रतिवादी सङ्केत नं.६६ तारताल B बाट पीडितलाई क्षतिपूर्ति नभराउने ठहऱ्याएको हदसम्म तत्कालीन पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रत्यर्थी प्रतिवादी सङ्केत नं.६६ तारताल B बाटसमेत पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर्छ । निजबाट पीडितलाई रू. १०,००० (दश हजार रूपियाँ) भराउनुपर्नेमा माथि उल्लेख भएबमोजिम निज नाबालक भएकाले सो को आधा रू. ५,०००।- (पाँच हजार) क्षतिपूर्ति निजबाट पीडितले भराइपाउने ठहर्छ । साथै निज प्रतिवादी नाबालक भएको तथा निजको स्वआर्जनसमेत नभएको अवस्थामा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं.बमोजिम पीडितले भराइपाउने उक्त क्षतिपूर्ति नेपाल सरकारबाट भराइदिने ।

इजलास अधिकृत : ललित सापकोटा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल भाद्र २० गते रोज २ शुभम्।

## इजलास नं. १०

**४६**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-११८८, लेनदेन, महिमुदा वि. संजय पौडेल*

यी पुनरावेदक प्रतिवादीले कपाली तमसुकमा घर खर्च गर्न दश लाख रूपैँया कर्जा लिएको बेहोरा उल्लेख गरी सहीछाप गरेको देखिएको, लिखतमा लागेको सहीछापलाई प्रतिवादीले स्वीकारै गरेको देखिएको, उक्त लिखत करकापबाट बनाइएको भनी प्रतिवादीले जिकिर लिएको भए पनि निजको सो जिकिर प्रमाणित हुने कुनै वस्तुनिष्ठ प्रमाण प्रतिवादी पक्षबाट पेस हुन आएको नदेखिएको, करकापका सम्बन्धमा प्रतिवादीको तर्फबाट परेको मुद्दामा आज यसै इजलासबाट करकाप नठहर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला सदर हुने गरी फैसला भएको अवस्था रहेकोसमेतको अवस्थामा वादी दाबीबमोजिम प्रतिवादीबाट वादीले सावाँ र ब्याज रकम भराइपाउने गरी सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।०४।२६ मा भएको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पोखराको

मिति २०७२।०८।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत -- श्यामहरि अधिकारी

इति संवत् २०७९ साल श्रावण १७ गते रोज ४ शुभम्।

## इजलास नं. ११

### ४७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-००११, बन्दीप्रत्यक्षीकरण, रेवतीहरि अधिकारी वि. काठमाडौं जिल्ला अदालत, तहसिल शाखा, बबरमहल, काठमाडौंसमेत*

विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ को दफा १७ को उपदफा १ मा "यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशन वा परिपत्र वा सूचना वा बैंकले तोकिदिएको कुनै प्रक्रियाविपरीत कुनै व्यक्तिले कुनै काम गरेमा सो काम गरेबापत भएको कसुरसँग सम्बन्धित विदेशी विनिमय जफत गरी त्यस्तो व्यक्तिलाई बिगोबमोजिमको जरिवानादेखि बिगोको तीन गुणासम्म थप जरिवाना हुने छ" भन्ने तथा ऐ. दफा १७ को उपदफा (८) मा "यस दफाबमोजिम भएको जरिवानाको रकम भुक्तानी नगरेमा त्यस्तो व्यक्तिलाई जरिवानाको मात्राअनुसार चार वर्षसम्म कैदको सजाय हुन सक्ने छ" भन्ने कानूनी व्यवस्थाबमोजिम निवेदकलाई विदेशी विनिमय मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।०५।१० मा भएको फैसलाले लागेको जरिवाना रू.१०,१५,३५१।- मध्ये निज हिरासत तथा थुनामा रहेको अवधिको प्रतिदिनको रू.३००।- का दरले हुने रकम कट्टा गरी बाँकी हुने जरिवाना नतिरेबापत ४ वर्षसम्म कैदमा राख्न सकिनेमा फैसलाको तपसिल खण्डमा पक्राउ परेको मिति २०७५।०४।२०देखि कैद कट्टा हुने गरी थुनामा राख्नु भन्ने उल्लेख गर्नुपर्नेमा थुनछेक आदेशपश्चात् निवेदक थुनामा रहेको मिति २०७५।०५।२० देखि कैद कट्टा हुने गरी थुनामा राख्नु भन्ने गलत मिति लेखिएको कारणबाट मात्र निवेदकलाई उक्त कानूनी व्यवस्थाबमोजिम फैसलाले तोकिएको कैदभन्दा १ महिना बढी कैद बस्नुपर्ने अवस्था रहेको देखिने।

विदेशी विनिमय मुद्दाको अनुसन्धानको क्रममा निवेदक सुरज मल्ल पक्राउ परेको मिति २०७५।०४।२० गतेदेखि गणना गर्दा उक्त जरिवानाबापत विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ को दफा १७(८) बमोजिम हुने ४ वर्ष कैद मिति २०७९।०४।१९ मा नै भुक्तान भइसकेको देखिँदा हाल निज गैरकानूनी थुनामा रहेको पुष्टि हुन आएकोले निवेदक सुरज मल्ललाई आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरू काठमाडौं जिल्ला अदालत र कारागार कार्यालय, डिल्लीबजारका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र ७ गते रोज ३ शुभम्।

### ४८

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७८-WO-०६२८, उत्प्रेषण, निलिमा खत्रीसमेत वि. उच्च अदालत पाटनसमेत*

यस अघि नै विपक्षीमध्येका कविता भण्डारीले आफू र आफ्नी छोरी बेबी खत्रीसमेतलाई अंशियार कायम गरी अंश छुट्याइपाउन दिएको निवेदनमा ललितपुर जिल्ला अदालतबाट भएको आदेश बदर गरी अंशियार कायम गरिदिएको उच्च अदालत पाटनको मिति २०७७।१०।२९।५ को आदेश बदरको लागि यिनै निवेदकले दायर गरेको २०७७-WO-०८५४ को रिट निवेदनसमेत आजै लगाउमा पेस हुन आएकोमा

सो रिट निवेदनमा उल्लिखित उच्च अदालतको आदेश कानूनबमोजिम नै भएको देखिएकोले रिट खारेज हुने ठहरी आजै आदेश भइसकेको छ । सोही उच्च अदालतको आदेशबमोजिम पछि जन्मिएकी सिन्थिया खत्रीका हकमासमेत अंशियार कायम गर्ने गरी ललितपुर जिल्ला अदालतबाट भएको आदेश सदर गरेको उच्च अदालतको आदेश कानूनविपरीत भनी प्रस्तुत रिट निवेदन दर्ता हुन आएको पाइयो ।

उल्लिखित ०७७-WO-०८५४ को रिट निवेदनमा निवेदकले उल्लेख गरेको मुलुकी देवानी संहिता, २०७४ को दफा २१० तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४१(२२) र साबिक मुलुकी ऐन अंशबन्डाको महलका साथै जिल्ला अदालत नियमावली, २०७५२ को नियम ७८समेतको विवेचना भई मुलुकी देवानी संहिता २०७४ लागु हुनुभन्दा अगाडि विवाह गरेकी श्रीमती र निजबाट जन्मेका सन्तानका हकमा उक्त व्यवस्था लागु नहुने भई साबिककै व्यवस्था लागु हुने गरी आदेश भइसकेको छ। सोही आधार कारणबाट प्रस्तुत निवेदनका सन्दर्भमा पनि सुरू ललितपुर जिल्ला अदालतको आदेश सदर गरेको उच्च अदालत पाटनको आदेश कुनै कानूनी त्रृटि रहे भएको भन्न नमिल्ने ।

अंश हकसम्बन्धी व्यवस्था, न्यायिक मूल्य र मान्यतासमेतबाट अंश चलन मुद्दाको फैसला अनुसार अंशियारका बिचमा बन्डा गर्नुपूर्व नै विपक्षीमध्येका सिन्थिया खत्रीको संरक्षक भई कविता भण्डारी खत्रीले अंशियारको रूपमा सिन्थिया खत्रीलाई थप गरिपाउँ भनी दिएको निवेदनउपर कारबाहीको क्रममा ललितपुर जिल्ला अदालतबाट सिन्थिया खत्रीलाई अंशियार कायम गर्ने गरी मिति २०७८।७।२६ मा भएको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७८।०८।२३ को आदेश कानूनबमोजिम नै भएको देखिँदा निवेदकको मागबमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम् ।

४९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७६-RB-०५७४, बैंकिङ कसुर, समद अन्सारी वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालाले पेस गरेको चेक मेरो सानिमा बैंकमा रहेको खाताको हो । मेरो साथी जलाउद्दिन मियाँउपर ठगी मुद्दामा पक्राउ परेपछि निज जलाउद्दिन मियाँले अनिलकुमार झालाई तिर्न बुझाउनुपर्ने रकम छ, म छुटेपछि रकम जम्मा गरिदिन्छु तपाइँले नेपाली रू.२५,००,०००।- को चेक काटी अनिलकुमार झालाई दिनुपर्‍यो भनी अनुरोध गरेकोले अनिलकुमार झाको नाममा चेककाटी दिन लाग्दा निज अनिलकुमार झाले मेरो दाजु जाहेरवाला सुनिलकुमार झाले सञ्चालन गरेको शिवशक्ति हार्डवेयर एण्ड सप्लायर्सको नाममा चेक काटिदिनु भनेको हुँदा सोहीबमोजिम मैले नेपाली रू.२५,००,०००।- (पच्चिस लाख रूपियाँ) को चेक शिवशक्ति हार्डवेयर एण्ड सप्लायर्सको नाममा काटिदिएको थिएँ । खातामा चेकमा उल्लिखित खाम्ने रकम छैन भन्ने थाहा थियो भन्नेसमेत बेहोरा उल्लेख गरेको र चेक दिएको तथ्यलाई उच्च अदालतसमक्ष बयान गर्दा पनि स्वीकार गरेको देखिएको,

प्रतिवादीले दिएको चेक खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भनी जाहेरवालाको किटानी जाहेरी परेको र अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिने,

आफ्नो खातामा पैसा नभई कसैलाई चेक काटेर दिनु र उक्त चेक भुक्तानी नहुनु स्वयंमा बैंकिङ कसुर हुन जाने भन्ने कानूनी प्रावधान रहेको देखिने,

निज पुनरावेदक प्रतिवादीका हकमा उच्च अदालत विराटनगरबाट मिति २०७६।१।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल पुस ६ गते रोज ४ शुभम्।

**५०**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CR-०१८०, जबरजस्ती करणी, नेपाल सरकार वि. राजिव कुमाल*

जबरजस्ती करणीसम्बन्धी अपराध पीडित र तीनका परिवारसमेतका लागि पीडा प्रदायक महिला विरूद्ध हुने जघन्य अपराध हो। महिलाको शरीर र अस्मिता विरूद्ध हुने जघन्य अपराधमा पीडितको भनाइलाई अदालतले अत्यन्त गम्भीरताका साथ लिनुपर्ने हुन्छ। जबरजस्ती करणी मुद्दाको पहिलो साक्षी भनेको पीडित आफैँ हो। अरू प्रत्यक्ष प्रमाणहरूसँग बाझिएको, पीडितको भनाइमा निकै विरोधाभाष देखिएको, पीडितको भनाइ कृत्रिम र बनावटी देखिएको जस्ता अवस्थाहरूमा बाहेक सामान्यतः अदालतले पीडितको भनाइलाई प्रमाणको रूपमा लिनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा यी पीडित परिवर्तित नाम ०४९-१५(०७०/०७१) नाबालक भएको र निजलाई यी प्रतिवादी राजिव कुमालले ललाइफकाइ धम्काई आफ्नो कोठामा लगी करणी गर्दै आएको भनी निज पीडितले अधिकारप्राप्त अधिकारीसमक्ष र अदलतमासमेत लेखाइदिएको पाइन्छ। निजको उक्त भनाइबाट निजउपर आरोपित कसुर भएको भन्ने देखिए पनि चिकित्सकीय प्रतिवेदनबाट निजको भनाइ समर्थित देखिएको छैन। अगाडिदेखि पटक पटक जबरजस्ती करणी भएको भन्ने भनाइ यदि सत्य भएको भए ११ वर्षीया बालिकाको स्वास्थ्यमा तथा निजको शरीरमासमेत त्यसको चोट र लक्षण देखिनुपर्ने हुन्छ। तर त्यसको प्रतिकूल पीडित एवम् पीडकको तत्काल रहेको शारीरिक अवस्थाको बारेमा सम्बन्धित चिकित्सकले गरिदिएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको शारीरिक अवस्था सामान्य रहेको, चोटपटक निलडाम नभएको, योनिको अवस्था सामान्य रहेको, योनि वरपर वीर्य दाग नभएको, कन्याजाली सामान्य रहेको भनी प्रतिवेदनमा उल्लेख भएको देखिन आउँछ। पीडित एवम् पीडक दुवैको शरीरमा तत्काल कुनै प्रकारको शारीरिक चिह्न वा घर्षणका सङ्केतहरू नरहेको भन्ने देखिन्छ। यस्तो अवस्थामा पीडिताउपर जबरजस्ती करणी भएको भन्ने देखिन नआई करणीको उद्योगसम्म भएको मान्नुपर्ने।

पीडित एवं पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट कुनै पनि प्रकारको शारीरिक घर्षणसम्म पनि नदेखिएको अवस्थामा अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर ठहर नगरी वारदातको प्रकृति एवं पीडितको उमेरसमेतका अन्य प्रमाणका आधारमा प्रतिवादी राजिव कुमालले पीडिताउपर जबरजस्ती करणीको उद्योगको कसुरसम्म गरेको ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१२।.१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शोभा पाठक

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल मंसिर २३ गते रोज ६ शुभम्।

५१

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७७-RB-००६६, बैंकिङ कसुर, सुष्मा सापकोटा वि. नेपाल सरकार*

आफूले दिनुपर्ने रकमबापतमा जाहेरवालालाई आफ्नो खातामा रकम छैन भन्ने थाहा हुँदाहुँदै चेक काटी दिएकोमा र सो चेकको भुक्तानी हुन नसकेको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको,

प्रतिवादीले दिएको चेक खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भनी

जाहेरवालाको किटानी जाहेरी परेको र अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिने,

जहाँसम्म देवानी दायित्वको विषय रहेको भनी पुनरावेदनमा लिइएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा माथि उल्लेख भएबमोजिमको कानूनी व्यवस्थाले खातामा रकम नभएको जानी जानी चेक काट्नु र भुक्तानी नभएको स्थितिलाई कसुर कायम गरेको अवस्थामा के कति कारणले उक्त कानूनी व्यवस्था आकर्षित नहुनुपर्ने हो भन्ने सम्बन्धमा किटानी उल्लेख गर्न नसकेको । साथै यस विषयमा यस अदालतको पूर्ण इजलासबाट पुनरावेदक निर्मला सोडारी वि. नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा (०७६-NF-००११) मा अदालतसमक्ष बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधिभित्रै रही निरूपण गर्नुपर्ने हुँदा यी प्रतिवादीले काटेको चेक अनादर भएको दिन लागु रहेको कानूनहरूमध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको सन्दर्भसमेतबाट जाहेरवालाले उपर्युक्त लागेको कानूनी मार्ग अपनाएको अवस्थालाई अन्यथा भन्न मिल्ने नदेखिने,

पुनरावेदक प्रतिवादीका हकमा उच्च अदालत पाटनबाट मिति २०७६।१०।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०७९ साल पौष ६ गते रोज ४ शुभम्।

- यसै लगाउका ०७७-RB-००६७, बैंकिङ कसुर, सुष्मा सापकोटा वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ५२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CR-०८८९, अवैध तरिकाले रेड पाण्डाको छाला ओसारपसार, नेपाल सरकार वि. पासाङ्ग नोर्वु शेर्पासमेत*

प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबीनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) बमोजिमको कसुर हुनलाई तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई आखेटोपहारको बिक्री वितरण वा कुनै किसिमको हक छाडिदिन वा आखेटोपहारसम्बन्धी कुनै व्यवसाय गर्न मिल्दैन। ऐनको उक्त कानूनी व्यवस्थानुसार मुख्यरूपले कुनैपनि व्यक्तिले तोकिएको अधिकारी बाट इजाजत नलिई (१) आखेटोपहारको बिक्री वितरण, (२) कुनै किसिमको हक छाडिदिन र (३) आखेटोपहारसम्बन्धी कुनै व्यवसायी गर्न कानूनले प्रतिबन्ध लगाएको छ । उक्त कानूनविपरीत कसैले सो कार्य गरेमा ऐ. ऐनको दफा २६(१) बमोजिम सजाय हुने व्यवस्था रहेको देखिन्छ । यी प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबीनुसारको कसुर प्रतिवादीहरूले गरेको छ कि छैन, मिसिल संलग्न प्रमाणबाट सो अभियोग पुष्टि हुन्छ हुँदैन भन्नेतर्फ हेर्दा प्रतिवादीमध्ये पासाङ्ग नोर्वु शेर्पाको हकमा हेर्दा, यी प्रतिवादीले जिल्ला वन कार्यालय सिन्धुपाल्चोकमा बयान गर्दा आफ्नो साथबाट बरामद भएको छाला आफ्नो नभई अर्कै व्यक्तिको रहेको भनी आफूले राखेको कुरामासमेत इन्कार रहे पनि मौकामा बयान गर्दा आफ्नो साथबाट बरामद भएको तथ्य स्वीकार गरी राखेको देखिन्छ । बरामद छाला रेड पाण्डाको हो भन्ने प्राकृतिक विज्ञान सङ्ग्रहालय काठमाडौंको च.नं.२२८ मिति २०७०।१२।१४ को परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । प्रतिवादीबाट बरामद छाला निजले खरिद बिक्री गरेको र सञ्चय गरी राखेको अवस्थामा नदेखाई ईश्वर गहतराज भन्ने व्यक्तिले लेखक राईलाई पठाएको सो झोला

लेखक राईसम्म पुऱ्याउन जाँदा नै पक्राउ परेको कुरा स्वीकार गरेको देखिन्छ । अभियोग दाबी अनुसार यी प्रतिवादीले बरामदी रेड पाण्डाको छाला बिक्री वितरण गर्नको लागि ओसारपासर गरेको कुराको प्रमाण वादी पक्षले पुष्टि गर्न सकेको देखिँदैन । प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले अभियोग दाबीनुसार ऐनको दफा १९(१) बमोजिमको उल्लिखित ३ वटै कार्यहरूमध्ये कुनै कार्य गरेको अवस्था देखिँदैन । प्रतिवादीहरूले ऐनको दफा १९(१) बमोजिमको कसुरजन्य कार्य नगरेपनि प्रतिवादीमध्येका पासाङ्ग नोर्वु शेर्पाको साथबाट रेडपाण्डाको छाला बरामद भएको देखिएको र सो छाला निजले ईश्वर गहतराज भन्ने व्यक्तिले लेखक राईलाई पठाएको र सो झोला लेखक राईसम्म पुऱ्याउन जाने क्रममा पक्राउ परेको देखिन्छ । प्रतिबन्धित रेडपाण्डाको छाला सम्बन्धमा ऐनको दफा १९(१) अनुसारको कसुर जन्य कार्य नगरे पनि अर्को व्यक्तिलाई पुऱ्याउन जाने क्रममा पक्राउ परेको कुरा पुष्टि भएको हुँदा निजलाई ऐ. ऐन को दफा २६(६) बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नदेखिने ।

प्रतिवादी ईश्वर बस्नेतले मौकामा अधिकार प्राप्त अधिकारी र जिल्ला वन कार्यालयसमक्ष बयान गर्दासमेत आखेटोपहार छाला आफूबाट बरामद नभएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजले मौकामा बयान गर्दा बरामद दुबै छाला आफूबाट बरामद नभई अर्का प्रतिवादी पासाङ्ग नोर्वु शेर्पाबाट नै बरामद भएको बेहोरा लेखाएको देखिन्छ । त्यसै गरी बरामदी मुचुल्काका साक्षी सुजन श्रेष्ठ र बद्रीनाथ पौडेलले जिल्ला वन कार्यालय सिन्धुपाल्चोकसमक्ष बकपत्र गर्दा (स.ज.४ मा) प्रतिवादीहरूबाट दुईथान छाला बरामद भएको भन्ने सुनेको र प्रहरीले सहीछाप गरिदिनु भनी भनेको हुँदा मैले सही गरेको हो भन्ने बेहोरा लेखाएको देखिन्छ । त्यसै गरी सरजमिन मुचुल्काका व्यक्ति कृष्णबहादुर भण्डारीले जिल्ला वन कार्यालय सिन्धुपाल्चोकमा बकपत्र गर्दा (स.ज.४ मा) प्रतिवादीहरू छाला बोकी हिँडेको अवस्थामा प्रहरीबाट पक्राउ परेको भन्ने सुनेको थिएँ भन्ने बेहोराको लेखाएको देखिन्छ । यसरी आफ्नो साथबाट छाला बरामद भएको कुरामा यी प्रतिवादी पूर्णइन्कार रही बयान गरेको र घटनाका चश्मदिद भनिएका बरामदी मुचुल्का र सरजमिन मुचुल्काका व्यक्तिहरूसमेतले वन कार्यालयमा बकपत्र गर्दा यी प्रतिवादीबाट छाला बरामद भएको कुरा स्पष्ट रूपमा लेखाउन सकेको देखिँदैन । सुनेको आधारमा थाहा पाएको र प्रहरीले भनेको हुँदा मुचुल्कामा सही गरेको भन्ने बकपत्र गरेको देखिन्छ । बरामदी मुचुल्कामा निजको साथबाट एक थान छाला बरामद भएको भनी उल्लेख भए पनि सो कुरा शंका रहित तवरबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादी पासाङ्ग नोर्वु शेर्पाको साथबाट छाला बरामद भएको र मौकामा पक्राउ हुँदा यी प्रतिवादी ईश्वर बस्नेतसमेत साथै पक्राउ भएको अवस्थासम्म देखिएबाट यी प्रतिवादीले सहप्रतिवादी पासाङ्ग नोर्वु शेर्पालाई सहयोगसम्म गरेको देखिएबाट निज सहप्रतिवादीको मतियारसम्म रहेको देखियो । यी प्रतिवादीउपरको ऐनको दफा १९(१) बमोजिमको कसुर स्थापित हुने प्रमाण मिसिलबाट पुष्टि हुन नसकेको अवस्थामा ऐ. ऐनको दफा २६(१) बमोजिम सजाय हुन सक्ने अवस्था पनि देखिएन । सहप्रतिवादीलाई कसुरमा सहयोगसम्म गरेको देखिँदा ऐ. ऐनको दफा २७बमोजिम मतियारमा सजाय गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिर एवं यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूउपरको अभियोग दाबीबमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुर पुष्टि हुन आएको नदेखिँदा सुरू फैसला उल्टी गरी प्रतिवादी पासाङ्ग नोर्वु शेर्पालाई ऐ. ऐनको दफा २६(६) बमोजिम २ वर्ष

कैद र प्रतिवादी ईश्वर बस्नेतलाई ऐ. ऐनको दफा २७ बमोजिम १ वर्ष कैद सजाय गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जानकी रमण यादव

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल मंसिर १२ गते रोज २ शुभम्।

### ५३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा**, *०७४-CR-०३५८, ०७४-CR-०७५९, ०७४-CR-११५८, वैदेशिक रोजगार कसुर, गञ्जन मगर वि. नेपाल सरकार, बद्रीकुमार राई वि. नेपाल सरकार, नेपाल सरकार वि. गुञ्जन मगरसमेत*

जाहेरवाला फणिन्द्रबहादुर मगरले IME मार्फत यी पुनरावेदक प्रतिवादी बद्रीकुमार राईको नाममा रकम पठाएको कुरा मिसिल संलग्न IME का रसिदहरूको प्रतिलिपिहरूबाट पुष्टि भएको देखिन्छ। जाहेरवालाले यी प्रतिवादीको नाउँमा रकम पठाएको र सो रकम आफूले झिकेको कुरालाई प्रतिवादीले अधिकार प्राप्त अधिकारी र न्यायाधिकरणसमक्षको बयानमा स्वीकार गरेको पाइन्छ । जाहेरवालाबाट पटकपटक गरी IME मार्फत यी प्रतिवादीका नाममा आएको रू.२,५०,०००।– रकम आफूले प्रतिवादी गुञ्जन मगरलाई दिएकोमा साबित रहेको छ। कसुरमा इन्कार रही बयान गरे तापनि उक्त रकम प्रतिवादी गुञ्जन मगरलाई दिएको पुष्टि हुने भरपाई कागजसमेत केही प्रमाण पेस गर्न सकेको देखिँदैन। जाहेरवालाले यी प्रतिवादीको नाममा पठाएको रकम वैदेशिक रोजगारमा पठाइदिने कामबापतको नभई अन्य प्रयोजनको रकम हो भनी प्रतिवादीले भन्न सकेको देखिँदैन। जाहेरवालाले पठाएको रकम आफ्नो नाममा आएको कुरा स्वीकार गरेको स्थितिमा निजउपरको किटानी जाहेरी, IME बाट रकम पठाएको रसिद, जाहेरवालाहरूको न्यायाधिकरणसमक्षको बकपत्रसमेतबाट पुष्टि भएको देखिँदा न्यायाधिकरणबाट प्रतिवादीलाई कसुरदार ठहर गरी भएको फैसला अन्यथा नदेखिँदा पुनरावेदक/प्रतिवादीको पुनरावेदन एवं बहस जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक / वादी नेपाल सरकारले जाहेरवाला भुमिबहादुर मगरले प्रतिवादीहरूलाई अर्का जाहेरवालासरह रकम दिएकोमा निजको बिगो दाबी नपुग्ने गरी भएको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ। प्रतिवादीहरू बद्रीकुमार राई र गुञ्जन मगरसमेतले हामी जाहेरवाला फणिन्द्रबहादुर मगर र भूमिबहादुर मगरलाई वैदेशिक रोजगारको लागि IME मार्फत प्रतिव्यक्ति रू.५,००,०००।– बुझिलिई दुबई देश पठाएको थिए, हामीले सम्झौताबमोजिमको काम, सेवा सुविधा केही नपाई आफैँले हवाई टिकटबापत जनही रू.६०,०००।– तिरी स्वदेश फर्की आएको हुँदा हामी जाहेरवालाबाट लिएको रू.५,००,०००।– र हवाई टिकटबापतको रकम र बिगोको ५०% हर्जानासमेत दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको जाहेरवालाहरूको प्रतिवादीहरूउपर किटानी जाहेरी परेको देखिन्छ । जाहेरवालाहरूले जाहेरी साथ रू.२,५०,०००।– को IME रसिदसमेत पेस गरेको देखिन्छ। जाहेरीसाथ पेस भएको IME रसिदमा रकम पठाउने फणिन्द्रबहादुर मगर र प्राप्त गर्ने बद्रीबहादुर राई भएको दुई वटा रसिदबाट रू.२,५०,०००।– रकम लिए दिएको देखिन्छ। जाहेरवाला भुमिबहादुर मगर विदेश दुबई गएको कुरा मिसिल संलग्न निजले त्यहाँबाट फर्केको हवाई टिकटबाट पुष्टि भएको छ । जाहेरवाला भुमिबहादुर मगर विदेश जानलाई प्रतिवादीहरूलाई रू.२,५०,०००।– रकम बुझाएको देखिने प्रमाण पेस गर्न सकेको छैन। मानिस विदेश जानु वा कसैले विदेश पठाउनु भनेको एउटा कुरा हो तर विदेश जान सोबापत रकम बुझाउने अर्को छुट्टै कुरा हो । जाहेरवालाले विदेश जान प्रतिवादीलाई यो यति रकम बुझाएको देखिने वस्तुनिष्ठ प्रमाण पेस

गर्न सकेको देखिँदैन । जाहेरवालाहरूलाई विदेश रोजगारीमा पठाएको कुरा प्रतिवादीहरूले स्वीकार गरे पनि भुमिबहादुरबाट रकम लिएको कुराको प्रमाण देखिँदैन । जाहेरवाला फणिन्द्रबहादुर मगरबाट रू.२,५०,०००।– लिएको कुरा मिसिल संलग्न IME रसिदबाट पुष्टि भएको हुँदा सो रकम र सोको ५०% ले हुने हर्जानासमेत जाहेरवाला फणिन्द्रबहादुर मगरले प्रतिवादीहरूबाट भराइलिन पाउने हुन्छ । जाहेरवाला भुमिबहादुर मगरले रकम बुझाएको कुराको प्रमाणको अभावमा निजको बिगो दाबी नपुग्ने गरी न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन एवं बहस जिकिर सँग सहमत हुन नसकिने ।प्रतिवादीहरूले बिनाइजाजत जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा गलत आश्वासन दिई विदेश पठाएको र विदेश दुबईमा सम्झौता अनुसारको तलब सेवा सुविधा जाहेरवालाहरूले नपाई स्वदेश फर्किआएको कुरा मिसिल संलग्न प्रतिवादीहरूउपरको किटानी जाहेरी, रकम बुझाएको IME रसिद प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारी र न्यायाधिकरण समक्षको बयान, जाहेरवालाहरूले जाहेरी बेहोरा समर्थन गरी न्यायाधिकरणसमक्ष गरेको बकपत्र र वादीका साक्षीले मौकामा गरेको कागज बेहोरासमेतबाट प्रतिवादीहरू गुञ्जन मगर र बद्री कुमार राईउपरको अभियोग पुष्टि भएकोमा प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम जनही ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना गर्ने गरी र बिगोको हकमा जाहेरवालामध्येका फणिन्द्रबहादुर मगरबाट IME मार्फत लिएको रकम रू.२,५०,०००।- र सोको ५०% ले हुने हर्जाना रू.१,२५,०००।- समेत जम्मा रू.३,७५,०००।- प्रतिवादीहरूबाट जाहेरवाला फणिन्द्रबहादुर मगरले दामासाहीले भराइपाउने र जाहेरवालाहरू दुबई गई फर्कदा लागेको हवाई टिकटबापतको रकम प्रतिवादीहरूबाट जाहेरवालाहरूले दामासाहीले भराइपाउने र जाहेरवाला भुमिबहादुर मगरको बिगो दाबी पुग्न नसक्ने गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७३।१२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जानकी रमण यादव

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल मंसिर १४ गते रोज ४ शुभम्।